का.जि.प्र.का.द.नं. १००/०५९/६०
६ चैत २०८१,
बुधबार
19 March, 2025
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक ४५ । पृष्ठ १०  Madhyanha National Daily  www.madhyanhadaily.com

# हालसम्मकै ठूलो अवैध रकम बरामद

## अवैध विदेशी मुद्राको कनेक्सन सुन कारोबारसँग जोडिएको हुन सक्ने प्रहरीको आशंका




जीवन शर्मा/मध्यान्ह
काठमाडौं, ५ चैत ।

रसुवाको केरुङ नाका हुँदै चीन लैजाँदै गरेको २५ करोड १९ लाख बढी नेपाली रुपैयाँ हुन आउने अवैध विदेशी मुद्रासहित १ जनालाई प्रहरीले पक्राउ गरेको छ। टोखास्थित झोरबाट सोमबार राति अमेरिकी डलर र युरो बोकेको ट्रकसहित सिन्धुपाल्चोकका ४३ वर्षीय फुच्चे भन्ने कुसाङ लामालाई सोमबार प्रहरीले पक्राउ गरेको थियो ।

सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका- १ घर भई काठमाडौं गोकर्णेश्वर नगरपालिका- २ बस्ने तामाङलाई ना७ख १६५२ नम्बरको ट्रकमा फल्स बटम बनाएर लगिँदै गरेको विदेशी मुद्रासहित पक्राउ गरेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक रमेश बस्नेतले बताए। विदेशी मुद्रासहित पक्राउ परेका तामाङलाई

पृष्ठ २ मा



उनको विगत र अहिलेको कामको अवस्था हेर्दा र बरामद अवैध मुद्राको विश्लेषण गर्दा कनेक्सन सुन तस्करीसँगै जोडिने देखिन्छ

**रमेश बस्नेत**
प्रमुख, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय

### सुन तस्करीको ट्रान्जिट नेपाल !

विगत केही वर्षदेखि नेपाललाई ट्रान्जिट बनाएर तस्कर हरूले अवैध सुनको कारोबार गर्दै आएका छन् । राजनीतिक संरक्षणका आडमा अघिल्लो वर्ष मात्र ६१ किलो अवैध सुन अध्यागमन विभागको भन्सारबाटै नेपाल प्रवेश गरेको थियो ।

त्यसअघि पनि नेपालमा पटकपटक अवैध सुन तस्करी भइरहेको थियो । सुन तस्करी तथा पैठारीसम्बन्धी जाँचबुझ आयोगले सरकारलाई बुझाएको प्रतिवेदन कार्यान्वयन नभइरहँदा सुन तस्करीका घटनाहरू अझै रोकिन नसकेका विज्ञहरूले बताएका छन् ।

# नेपाल विद्युत् प्राधिकरणका सबै खाता रोक्का

जानकी पाठक/मध्यान्ह
काठमाडौं, ५ चैत ।

नेपाल विद्युत् प्राधिकरणका सबै बैंक खाता रोक्का भएका छन् । ३० मेगावाट क्षमताको चमेलिया जलविद्युत् आयोजना निर्माण गर्ने चिनियाँ ठेकेदार कम्पनी सीजीजीसीलाई भुक्तानी गर्नुपर्ने करिब १ अर्ब ५९ करोड रुपैयाँ भुक्तानी नगरेपछि खाता रोक्का गरी बैंकहरूले प्राधिकरणको सम्पूर्ण वित्तीय कारोबार बन्द गरिदिएका हुन् ।

**निर्णय अवज्ञा**

यो विवाद २०७४ सालदेखि चल्दै आएको हो । चमेलिया जलविद्युत् आयोजनाबाट बिजुली उत्पादन सुरु भएको १ दशक हुन लाग्दासमेत प्राधिकरण ठेकेदारको भुक्तानी विवाद सुल्झाउन असफल देखिएको छ ।

न्यायाधीकरणले १७ सेप्टेम्बर २०२३ (३१ भदौ २०८०)मा ८५ करोड रुपैयाँ तिर्न आदेश दिएको थियो । प्राधिकरणले उक्त निर्णय नस्वीकारेर पाटन उच्च अदालतमा पुनरावलोकनको माग गऱ्यो तर अदालतले न्यायाधीकरणकै निर्णय सदर गरिदियो । अदालतको आदेश मानेर भुक्तानी गर्नुको साटो प्राधिकरणले अटेर गऱ्यो ।

त्यसपछि निर्णय कार्यान्वयनको माग गर्दै ठेकेदार कम्पनीले ललितपुर जिल्ला अदालतमा निबेदन हाल्दा जिल्ला अदालतले ब्याजसहितको रकम करिब १ अर्ब ५९ करोड जम्मा गर्न प्राधिकरणलाई आदेश दिएको थियो ।

जिल्ला अदालतको उक्त निर्णय कार्यान्वयन नभएपछि अदालतकै आदेशअनुसार बैंकहरूले प्राधिकरणका सम्पूर्ण खाता रोक्का गरेका छन् ।

**आफ्नै नीतिले घेरियो**

नेपाल विद्युत् प्राधिकरणले उद्योगीहरूको खाता रोक्का गर्न नेपाल राष्ट्र बैंकलाई पत्र पठाउने तर आफूले भने अदालतको आदेशसमेत नटेर्ने नीति अपनाएको देखिएको छ ।

केही समयअघि ट्रंक र डेडिकेटेड फिडर महसुल नतिरेका भन्दै उद्योगीहरूको खाता रोक्का गर्न राष्ट्र बैंकलाई पत्राचार गर्ने प्राधिकरण आज आफैं संकटमा परेको छ । सुरुमै ८५ करोड रुपैयाँ तिरेको भए यो संकट आउने थिएन । अब ब्याजसहित झन्डै दोब्बर रकम तिर्नुपर्ने अवस्था आएको छ ।

प्राधिकरणकै उच्च स्रोतका अनुसार प्राधिकरणले काटेका सबै चेकहरू बैंकहरूले फिर्ता पठाएका छन्, जसले अन्य निकायलाई हुने भुक्तानीसमेत अवरुद्ध भएको छ ।

**कसको जिम्मेवारी ?**

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ नेतृत्वमाथि गम्भीर प्रश्नहरू उठ्न थालेका छन् । नाफामा रहेको दाबी गर्ने प्राधिकरणले ८५ करोड रुपैयाँ तिर्न असक्षम देखिनु अचम्मकै विषय भएको जानकार बताउँछन् ।

संस्था बचाउने नाममा घिसिङले उल्टै संकट निम्त्याएका छन् भनेर प्राधिकरणकै अधिकारीहरू असन्तुष्ट छन् । अब यो ब्याज रकम कसले तिर्ने ? करदाताको पैसाबाट यस्तो हर्जाना तिर्नुपर्ने कि ? भन्ने प्रश्न उठ्न थालेको एक कर्मचारीले बताए ।

**अब के होला ?**

बैंक खाता रोक्का भएपछि प्राधिकरणको वित्तीय कारोबार अवरुद्ध हुने छ । विद्युत् आपूर्तिमा असर पर्न सक्ने पनि आँकलन गरिएको छ ।

सरकार, प्राधिकरण नेतृत्व र सम्बन्धित निकायले यो समस्या समाधान गर्न कसरी अगाडि बढ्छन् भन्ने महत्त्वपूर्ण हुने स्रोत बताउँछ ।

'सार्वजनिक संस्थाको यस्तो दुर्दशा हुनु दुःखद मात्र होइन, नेतृत्वको गैरजिम्मेवारीपनको चरम उदाहरण पनि हो । अब यसको दोष कुलमान, प्राधिकरण, ठेकेदार, न्यायपालिका कसको हो ? जनताले हिसाब खोज्न जरुरी छ', प्राधिकरणकै एक उच्च कर्मचारीले भने ।

**वैदेशिक रोजगार विशेष**

# एकाधिकारको प्रपञ्च रचिएको भन्दै आईएलओको ध्यानाकर्षण

मध्यान्ह संवाददाता
काठमाडौं, ५ चैत ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगारका लागि मलेसिया जाने नेपाली कामदार भर्ना प्रक्रियामा एकाधिकार कायम गर्ने प्रपञ्च रचिएको भन्दै नेपालस्थित अन्तर्राष्ट्रिय श्रम संगठनको ध्यानाकर्षण गराएको बताएको छ ।

संघका कार्यबाहक अध्यक्ष डिकबहादुर खत्री (कुमार)को नेतृत्वमा संघ प्रतिनिधिमण्डलले मंगलबार बिहान अन्तर्राष्ट्रिय श्रम संगठनका नेपाल प्रतिनिधिहरूसँग छलफल गरेको हो । छलफलमा संघ कार्यसमिति पदाधिकारी र सदस्यहरूको सहभागिता थियो ।

आईएलओको नेपाल कार्यालय ललितपुरमा भएको छलफलमा पछिल्लो समय वैदेशिक रोजगारीका लागि मलेसिया जाने नेपाली कामदार भर्ना प्रक्रियालाई एकाधिकार गर्ने प्रपञ्च रचिएको भन्दै त्यसलाई अन्तर्राष्ट्रिय स्तरमा लैजान आवश्यक रहेको विषयमा आईएलओ प्रतिनिधिहरूको ध्यानाकर्षण गराइएको कार्यबाहक अध्यक्ष खत्रीले मध्यान्ह दैनिकलाई बताए । संघले त्यस विषयमा मलेसियास्थित आईएलओसँग निरन्तर छलफल गरिदिन पनि अनुरोध गरेको बताएको छ ।




मलेसिया नेपाली कामदारको प्रमुख गन्तव्य मुलुकका रूपमा

पृष्ठ २ मा

# युक्रेनका विदेशमन्त्रीसँग ७ नेपालीलाई मुक्त गर्न परराष्ट्रमन्त्री राणाको आग्रह

**काठमाडौं/मस-** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा र युक्रेनका विदेशमन्त्री एन्द्री सिबिहाबीच नयाँ दिल्लीमा द्विपक्षीय भेटवार्ता भएको छ । भारतीय विदेश मन्त्रालयद्वारा आयोजित 'राइसिना डायलग' कार्यक्रममा सहभागी हुने क्रममा नयाँ दिल्लीमा मंगलबार सो भेटवार्ता भएको हो ।

उक्त भेटघाटका क्रममा नेपाल-युक्रेन सम्बन्ध र आपसी हितका विविध विषयमा छलफल भएको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ । त्यस अवसरमा परराष्ट्रमन्त्री डा. राणाले नेपाली नागरिक रुसी सेनामा भर्ना हुन पाउने नीति नेपालको नरहेको स्पष्ट गर्दै युद्धबन्दीका रूपमा युक्रेनमा रहेका ७ जना नेपालीलाई यथाशक्य छिटो मुक्त गरिदिन अनुरोध गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ । डा. राणाले मानव तस्करको फन्दामा परी नेपालको दुर्गम क्षेत्रबाट जबरजस्ती रुसी सेनामा भर्ना भई कार्यरत रहेकै

पृष्ठ २ मा

# निजामती प्रवेशमा घटाइँदै महिलाको अधिकतम उमेर

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ५ चैत ।

संघीय निजामती सेवामा प्रवेशका लागि महिलाको अधिकतम उमेर घटाउने तयारी भएको छ । हाल निजामती सेवामा प्रवेश गर्ने महिलाको अधिकतम उमेर ४० वर्ष हुनुपर्ने व्यवस्था छ । यो प्रचलित व्यवस्थालाई बदलेर ४० वर्षबाट ३९ वर्ष बनाउने तयारी संसदीय उपसमितिको छ ।

संघीय निजामती सेवा विधेयक हाल प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा छ । गत ९ फागुन राज्य व्यवस्था समितिले पनि निजामती सेवा विधेयकमाथि छलफल गर्न ११ सदस्यीय संसदीय उपसमिति गठन गरेको थियो ।

सत्तारूढ दल नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडूको संयोजकत्वमा गठित उपसमितिमा सांसदहरू अशोककुमार राई, ईश्वरीदेवी न्यौपाने, चन्दा कार्की भण्डारी, प्रकाश अधिकारी, बुद्धिमान तामाङ, रघुजी पन्त, राजेन्द्र पाण्डे, लीलानाथ श्रेष्ठ, सर्वेन्द्रनाथ शुक्ला र हितराज पाण्डे सदस्य छन् ।

यो संसदीय उपसमितिको बैठक नियमितजसो बसिरहेको छ, जहाँ निजामती प्रवेशमा महिलाको अधिकतम उमेर घटाउने विषयमा छलफल भएको हो ।

प्रचलित व्यवस्थाअनुसार ४० वर्षसम्म महिलाहरू सेवामा प्रवेश गर्न सक्छन् । तर, नियुक्ति लिनु अगाडि सरकारले स्टाफ कलेजमा तालिम दिन्छ । लोकसेवा आयोगले लिने जाँच अगाडि ४० वर्ष ननाघेकाले जाँच दिन पाउने र नतिजा आएर, स्टाफ कलेजको तालिम लिएर नियुक्ति लिँदा समय लाग्ने भएकाले अवकाशपछि पेन्सन लिनमा समस्या पर्ने गरेको लोकसेवा आयोगको तर्क छ । आयोगका अधिकारीहरूको रायका आधारमा ४० बाट ३९ वर्ष बनाइए पेन्सनको समस्या हल हुने छ ।

निजामती सेवामा ५८ वर्षमा अवकाश हुने प्रावधान छ । प्रस्तावित विधेयकमा अवकाशको उमेर ६० वर्ष पुऱ्याउने तयारी छ । ४० वर्षमा सेवा प्रवेश गरेको व्यक्ति ५८ वर्षमै अवकाशमा जाँदा पेन्सनका लागि नपुग्ने २ वर्ष थप गरेर पेन्सन दिने प्रावधान छ ।

तर, २ वर्ष भन्दा पनि बढी समय थप गर्नुपर्दा कानुनी अप्ठयारो छ । यस्तो समस्यालाई समाधान गर्नका लागि लोकसेवा आयोगको रायका आधारमा निजामती

पृष्ठ २ मा

निजामती सेवामा प्रवेश गर्ने महिलाको अधिकतम उमेर ४० वर्ष हुनुपर्ने प्रचलित व्यवस्था छ । यसलाई घटाएर ३९ वर्ष बनाउने तयारी संसदीय उपसमितिको छ



# ६ एआईजी खाली यी हुन् प्रमुख दाबेदार

अस्मिता बम/मध्यान्ह
काठमाडौं, ५ चैत ।

नेपाल प्रहरी प्रमुख अर्थात् महानिरीक्षकमा दीपक थापा नियुक्त भएसँगै अतिरिक्त महानिरीक्षक (एआईजी)का ६ दरबन्दी रिक्त भएका छन् ।

सोमबार मात्र वसन्त कुँवरको अवकाशसँगै थापालाई मन्त्रिपरिषद्ले आईजीपी नियुक्त गरेको थियो । सोमबार रातिदेखि नै एआईजीहरू टेकप्रसाद राई, दुर्गा सिंह, बुद्धिराज गुरुङ, कुवेर कडायत र जनक भट्टराई ३० वर्षे सेवा अवधिका कारण अवकाशमा गएका छन् । उनीहरू अवकाशमा गएसँगै ५ र थापा महानिरीक्षक भएपछि १ गरी ६ एआईजीको पद रिक्त भएको हो ।

जनपद प्रहरीमा ८ एआईजीको दरबन्दी रहेकामा टेकबहादुर तामाङ काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी प्रमुख छन् भने अर्का एआईजी सुदीप गिरी प्रहरी एकेडेमी (राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान)का प्रमुख छन् ।

मानव स्रोत विभाग, प्रशासन विभाग, कार्य विभाग, अपराध अनुसन्धान

पृष्ठ २ मा

WE ARE HIRING Join Our Team
A fair and responsible foreign recruitment organization having requesting interested candidates to submit their application for the following position:
- PRO - 5 (Male/Female)
- Documentation - 2 (Male/Female)
- Operation Manager - 1 (Male/Female)

Salary & Other Benefits will be Negotiable

Requirements For Positions:
★ Minimum Experience Required: 2 years in the manpower field.

Pacific Overseas Consult Pvt. Ltd.
महाराजगंज-४, चक्रपथ, काठमाडौं, फोन: ४७२०२५४.
POC 2059
श्रम इजाजत नं. २९६/०५८/०५९
Mob: 9851004363, 9849661211.
Email: pacific.manpower7@gmail.com, Web : www.pacificoverseas.org

मध्यान्ह
www.madhyanhadaily.com
६ चैत २०८१ बुधबार
19 March 2025, Wednesday

# संविधान संशोधनअघि बृहत् समीक्षा गरौँः प्रचण्ड

**काठमाडौं/मस**–नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधान संशोधनअघि बृहत् समीक्षा आवश्यक रहेको बताएका छन् ।



२७औँ सांस्कृतिक प्रतिरोध दिवसका अवसरमा मंगलबार आयोजित जनसांस्कृतिक राष्ट्रिय सम्मान–२०८१ कार्यक्रममा उनले अहिले संविधान संशोधनभन्दा पनि समीक्षाको बहस आवश्यक रहेको बताए । 'संविधान समीक्षाको बहस चलाइयोस्, त्यो टुंगोमा पुगेपछि मात्रै संशोधन अघि बढाइनुपर्छ', अध्यक्ष दाहालले भने, 'सबै राजनीतिक दल र शक्ति मिलेर समीक्षा गरौँ, यसरी गरिने संशोधनले मात्रै सही आकार लिन सक्छ ।' जनताको संघर्ष र बलिदानको बलमा स्थापित राजनीतिक उपलब्धि खोस्ने प्रयास स्वीकार्य नभएको उल्लेख गर्दै अध्यक्ष दाहालले त्यस्तो प्रयासलाई परास्त गरिने बताए । 'इतिहासमा सीमित भइसकेको राजतन्त्र पुनःस्थापना असम्भव छ', उनले भने, 'त्यसका लागि फेरि अर्को मूर्खता गर्नु उचित हुँदैन ।'

वैज्ञानिक समाजवादलाई राजनीतिक उद्देश्य लिएका माओवादी धारहरु छिट्टै एकताबद्ध हुने विश्वास व्यक्त गर्दै अध्यक्ष दाहालले वामपन्थी एकताका निम्ति आफूले इमान्दार प्रयास गर्ने बताए । मुलुकको राजनीतिक परिवर्तनमा संस्कृतिकर्मीको महत्त्वपूर्ण भूमिका रहेको उनको भनाइ थियो ।

नेपाल कम्युनिष्ट पार्टीका पोलिटब्यूरो सदस्य माइला लामाले मुलुकलाई पश्चगमनतर्फ फर्काउने प्रयास कुनै हालतमा सफल नहुने बताए । प्रतिगामी कदमविरुद्ध माओवादीहरु एकताबद्ध भएर फेरि संघर्ष गर्नुपर्नेमा उनको जोड थियो । कार्यक्रममा अध्यक्ष दाहालले माओवादी केन्द्रका स्थायी समिति सदस्य एवं पूर्वमन्त्री सत्य पहाडीले लेखेको १० वटा पुस्तक विमोचन गरेका थिए । सो क्रममा अध्यक्ष दाहालले सांस्कृतिक सहिद परिवारका सदस्यलाई सम्मान गरेका थिए ।

स्ववियु निर्वाचन

# एमाले निकट अनेरास्ववियुको अग्रता

**काठमाडौं/मस**–त्रिभुवन विश्वविद्यालय (त्रिवि)का आंगिक र सम्बन्धन प्राप्त क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन मंगलबार सम्पन्न भएको छ । बिहान ८ बजेदेखि अपराह्न ४ बजेसम्म क्याम्पसमा मतदान भएको थियो । स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्य सचिव पशुपति अधिकारीले छिटफुट घटनाबाहेक सबै क्याम्पसमा शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न जानकारी दिए ।



उनका अनुसार ३८ वटा आंगिक क्याम्पस मंगलबार निर्वाचन सम्पन्न भएका छन् । यस्तै दुई सय ५० वटा सम्बन्धन क्याम्पसमा निर्वाचन भएका छन् ।

उपत्यकाका नेपाल कमर्श क्याम्पस, पाटन संयुक्त क्याम्पस, पुल्चोक इञ्जिनिरियङ क्याम्पस, थापाथली इञ्जिनिरियङ क्याम्पस, महेन्द्ररत्न क्याम्पसमा निर्वाचन भएको थियो । त्रिविले प्रत्येक दुई/दुई वर्षमा गर्ने स्ववियु निर्वाचन गर्दै आइरहेको छ ।

मंगलबार रातिसम्म ९ बजेसम्मको मतगणनालाई हेदा एमालेनिकट अनेरास्ववियुले देशभर अग्रता लिएको छ । मंगलबारराति ९ बजेसम्म अनेरास्ववियुले ६८ वटामा सभापति जितेको छ । यस्तै अनेरास्ववियु पहिलो,नेविसंघ दोस्रो र अखिल क्रान्तिकारी तेस्रो स्थानमा रहेका छन् ।

# रोटरीको १७औं डिस्ट्रिक्ट सम्मेलन हुँदै

**काठमाडौं/मस**–रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ नेपाल भूटानको १७ औं डिस्ट्रिक्ट कन्फ्रेन्स यहि चैत ८ देखि १० गतेसम्म हुने भएको छ ।



सम्मेलन ललितपुरको पुल्चोकस्थित द प्लाजामा हुने मंगलबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ। रोटरी डिस्ट्रिक्टको एक केन्द्रीय कार्यक्रमका रुपमा रहेको यो सम्मेलनले आम रोटरियनका बीचमा चिनजान, रोटरी बारेको ज्ञानको विस्तारदेखि नयाँ नेतृत्व समेत चयन गर्ने पत्रकार सम्मेलनमा बताइएको छ।

सम्मेलनमा देशभरका रोटरी क्लबका सदस्यहरुको सहभागिता रहनेछ। सम्मेलनमा केही विदेशी अतिथि, रोटरियनदेखि विभिन्न क्षेत्रमा विज्ञता हासिल गरेका विज्ञहरुको समेत विशेष उपस्थिति रहनेछ।

यसैबीच १७औं डिस्ट्रिक्ट कन्फ्रेन्समा डिस्ट्रिक्ट ३२९२ नेपाल भूटान अन्तर्गतका १५८वटा रोटरी क्लबका करिब १२ सय रोटरियनको उपस्थिति रहने जनाइएको छ । रोटरीका प्राथमिकताका सात क्षेत्रमा सञ्चालित सेवा परियोजनादेखि रोटरीका विविध आयामका बारेमा सम्मेलनमा सघन रुपमा बहसका सत्रहरु समेत सञ्चालन हुनेछन् । सम्मेलनले आम रोटरियनको रोटरीप्रतिको विश्वास र समपर्णलाई मजबुत बनाउने अपेक्षा राखिएको छ ।

त्यसका अतिरिक्त रोटरीको सार्वजनिक छविलाई आम नागरिकका बीचमा विस्तार गर्न समेत मदत्त पुग्ने विश्वास राखिएको छ । रोटरीका विविध पक्षबारे सञ्चारकर्मीले राखेका जिज्ञासाको डिस्ट्रिक्ट गभर्नर राजेन्द्रमान शेरचन, पूर्व डिस्ट्रिक्ट गभर्नर सञ्जय गिरी, सन्तोष रिजाल, गभर्नर नोमिनी विष्णुबहादुर कार्की, डिस्ट्रिक्ट कन्फ्रेन्स कमिटी चेयर मधु आर्चाय, मिडिया रिलेशन कमिटीका सल्लाहकार सुरेश आर्चाय, डिस्ट्रिक्ट सेक्रेटरी अशोकनाथ प्याकुरेल लगायतले जवाफ दिएका थिए । रोटरीले गरेका सेवाका कामलाई आम नागरिकमा लैजान संचार जगतको महत्वपूर्ण भूमिकाको अपेक्षा रोटरीले गरेको डिस्ट्रिक्ट गभर्नर राजेन्द्रमान शेरचनले बताए ।

शेरचनले रोटरीको इतिहासदेखि रोटरीले विश्व लगायत नेपालमा गरेका कार्यका बारेमा चर्चा गर्दै डिस्ट्रिक्ट सम्मेलनलाई सभ्य र भव्य बनाउनका लागि सबैसँग अपिल समेत गरेका थिए।

# पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको बजेट र कार्यक्रम स्वीकृत

**काठमाडौं/मस**–प्रधानमन्त्री एवं पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका कुलपति केपी शर्मा ओलीको अध्यक्षतामा प्रतिष्ठानको नवौं सभा सम्पन्न भएको छ ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको बैठकमा प्रतिष्ठानको चालु आर्थिक वर्षको बजेट र कार्यक्रम स्वीकृत भएको छ भने गत आर्थिक वर्षको महालेखा परीक्षकको प्रतिवेदनबारे जानकारी गराइँदै त्यसमा रहेका सुधार्नुपर्ने पक्षहरुमा ध्यान दिन जोड दिइएको छ ।

बैठकमा कुलपति ओलीले चिकित्सा शिक्षाका साथै पोखरा र त्यस क्षेत्रका सर्वसाधारणको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन निर्देशन दिए । उनले आर्थिक वर्ष लाग्नुपूर्व नै बजेट तथा कार्यक्रम पारित गराउन आग्रह गरे । स्वास्थ्य तथा जनसंख्यामन्त्री एवं सहकुलपति प्रदीप पौडेल सहभागी बैठकमा प्रतिष्ठानका उपकुलपति डा.डुकबहादुर क्षेत्रीले प्रतिष्ठानबाट कार्यकालमा भएका प्राज्ञिक, व्यवस्थापकीय र स्वास्थ्य सेवाका क्षेत्रमा भएका प्रगतिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

### २५ करोड...

प्रहरीले मंगलबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ । उक्त रकम अवैध सुन कारोबारसँग जोडिने प्रहरीको प्रारम्भिक अनुसन्धानमा खुलेको छ । प्रहरीले बरामद गरेको अमेरिकी डलर र युरोलाई नेपाली सटही गर्दा २५ करोड १९ लाख २४ हजार ९५० रुपैयाँ हुन आउने प्रहरीको हिसाब छ ।

यसरी पक्राउ गरिएको अवैध रकम हालसम्मकै सबैभन्दा ठूलो हो । यद्यपि, बरामद भएको रकम कसले पठाएको भन्ने अझै खुलेको छैन । लामाले उक्त रकम एक चिनियाँ नागरिकले दिएको दाबी गरेको प्रहरीको भनाइ छ ।

'सामाखुसीमा ल्याएर एक चिनियाँ नागरिकले रकम गाडीमै दिएका हुन् । त्यसपछि मैले सिटमाथिको सिलिङमा राखेको हुँ', चालक लामाले प्रारम्भिक बयानमा भनेको प्रहरी स्रोतले जनाएको छ।

प्रहरी वरिष्ठ उपरीक्षक बस्नेतले यो रकमको कनेक्सन सुन खरिदसँग जोडिएको हुन सक्ने आशंका गरिएको बताए । 'अहिलेसम्मको हाम्रो अनुसन्धानले यो मुद्रा सुन खरिदका लागि चीन जाँदै थियो भन्ने देखाएको छ । थप अनुसन्धान हुन बाँकी नै छ', बस्नेतले मध्यान्हसँग भने । उक्त मुद्रा बोकेर केरुङ जाँदै गरेका व्यक्ति यसअघि ७ किलो सुनसहित पक्राउ गरी ५ वर्ष जेल बसेको खुलेको प्रहरीको भनाइ छ ।

लामालाई यसअघि अपराध अनुसन्धान कार्यालयकै टोलीले १३ पुस २०७३ मा कलंकीबाट ७ किलो अवैध सुनसहित पक्राउ गरेको थियो । त्यसबेला उनी रसुवाबाट गल्छी हुँदै काठमाडौं आउँदै गर्दा बा८च ७४२० नम्बरको हाइलक्स गाडीको अगाडि भागमा रहेको एयरफिल्टरको बक्सभित्र लुकाएर ल्याइएको ७ किलो सुनसहित पक्राउ परेका थिए ।

यो पटकको अवैध रकमसहित पक्राउ परेका कुसाङ भरियाका रूपमा मात्र प्रयोग भएको हुन सक्ने प्रहरीको भनाइ छ। सो रकम अवैध सुन तस्करीका लागि प्रयोग भइरहेको आशंका गरेकाले प्रहरीले सूक्ष्म अनुसन्धान गरिरहेको छ ।

५ वर्ष जेल बिताएर छुटेका उनै लामा पुनः डलर र सुन कारोबारीमा प्रयोग भइरहेको प्रहरी अधिकारीहरूको दाबी छ। १३ पुस २०७३ मा कलंकीबाट सुनसहित पक्राउ परेपछि राजस्व अनुसन्धान विभाग हरिहर भवनबाट मुद्दा चलाइएका उनी २०७८ सालमा छुटेको बताइएको छ ।

'उनको विगत र अहिलेको कामको अवस्था हेर्दा र बरामद अवैध मुद्राको विश्लेषण गर्दा कनेक्सन सुन तस्करीसँगै जोडिने देखिन्छ', प्रहरी प्रमुख बस्नेतले भने । लामाले चीनको नाकासम्म उक्त ट्रक पुऱ्याउने र त्यहाँबाट भिसा प्राप्त व्यक्तिले ट्रक चीन पुऱ्याउने गरेको प्रहरीको दाबी छ।

फेरि यही शैलीमा उताबाट ट्रकमा सुन लिएर आउने र नाका कटाएपछि रसुवाबाट लामाले उक्त ट्रक गन्तव्यसम्म पुऱ्याउने गरेको पाइएको छ ।

सुन तस्करीमा यसअघि पनि पक्राउ परेर छुटेका व्यक्ति आफैं पैसा लिएर रसुवाको टिमुरेतर्फ जाँदै छन् भन्ने सूचनाका आधारमा उनलाई प्रहरीले नियन्त्रणमा लिएको प्रहरी नायब उपरीक्षक अनिल घिमिरेले बताए । यो घटनामा विशेष अपरेसन गरेको उनको भनाइ छ ।

'चालक पछाडि क्याबिनको माथिल्लो भागमा प्लाइउड प्रयोग गरेर बनाइएको फल्सबटम खोतल्दै जाँदा पैसाको थुप्रो देखियो', उनले भने, 'फल्सबटम फोडेर पैसा झिक्ने क्रममा अमेरिकी डलर र युरो मात्र देखियो । हामी नै छक्क पऱ्यौं । लामालाई ट्रकसहित अनुसन्धान कार्यालयमा ल्यायौं ।'

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले नियन्त्रणमा लिएको अमेरिकी डलर १०० दरका ३ हजार ११९ थान र ५० दरका १७९ थान तथा युरो ५०० दरका ११ थान, २०० दरका ४८० थान, १०० दरका ४ हजार १४८ थान र ५० दरका १७ हजार १७७ थान रहेका प्रहरीले सार्वजनिक गरेको हो ।

लामालाई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिमको कसुरमा थप अनुसन्धान तथा कारबाहीका लागि राजस्व अनुसन्धान विभाग हरिहर भवन पठाइएको प्रहरीले जनाएको छ ।

### एकाधिकारको...

रहिआएको छ । मलेसियामा नेपालबाट कामदार पठाउने प्रक्रिया सुचारु रहेका अवस्थामा दर्ता रहेकामध्ये आधाभन्दा बढी म्यानपावर कम्पनी मलेसियामा आधारित थिए ।

गत वर्षदेखि बन्द रहेको मलेसियाको नयाँ रोजगारी खुल्ला भएसँगै नेपालबाट कामदार पठाउने विषयमा सिन्डिकेट खडा हुने चर्चाले वैदेशिक रोजगार व्यवसायी तरंगित भइरहेका छन् । उनीहरूले मलेसियामा कामदार पठाउन २५ वटा मात्र म्यानपावर कम्पनीको समूह (सिन्डिकेट)लाई अनुमति दिन चलखेल भइरहेको भन्दै त्यसविरुद्ध नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र राजनीतिक दल निकट व्यवसायीका संघसंस्थामार्फत कडा प्रतिकार गर्ने चेतावनी दिँदै आएका छन् ।

केही दिनअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मलेसिया कामदार पठाउन कुनै निश्चित व्यवसायीलाई लाभ पुग्नेगरी हाल कुनै पनि निर्णय नभएको र भविष्यमा पनि नहुने बताएको थियो । मन्त्रालयले विज्ञप्ति नै जारी गर्दै नेपालले विगत लामो समयदेखि खुल्ला, पारदर्शी र भेदभावरहित भर्ना प्रक्रिया अवलम्बन गरेको भन्दै मलेसियामा कामदार पठाउन कुनै निश्चित व्यवसायीलाई लाभ हुनेगरी कुनै निर्णय नगरेकाले आधारहीन विषयको पछि नलाग्न अनुरोध गरेको छ ।

तर, मन्त्रालयको विज्ञप्तिपछि पनि व्यवसायी आश्वस्त हुन सकिरहेका छैनन् । नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले पनि विज्ञप्ति सार्वजनिक गरेर मलेसिया सरकारले इ-एम्बेसी मोडेल, इ-रिक्रुटमेन्ट र बायोमेडिकल मोडेलका नाममा सिन्डिकेट खडा गर्न थालिएको भन्दै नेपाली राजदूतावास मलेसियालाई जानकारी गराइसकेको भन्दै एसोसिएसनलाई जानकारी दिन माग गरेको छ ।

### युक्रेनका...

अवस्थामा हाल युक्रेनी सेनाको नियन्त्रणमा रहेका ७ नेपालीको रिहाइका लागि युक्रेनी विदेशमन्त्रीमार्फत युक्रेन सरकारसँग आग्रह गरेकी हुन् ।

सो अवसरमा युक्रेनी विदेशमन्त्री सिबिहाले कानुनी प्रक्रिया पूरा गरेर उनीहरूलाई रिहा गरिने प्रतिबद्धता व्यक्त गरे । भेटघाटका अवसरमा नेपाल र युक्रेनका सरकारी एवं कूटनीतिक राहदानीबाहकलाई निःशुल्क भिसासम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

भेटका क्रममा मन्त्री डा. राणाले नेपालले सन् २०२७ देखि २०२९ का लागि संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को सदस्यलगायतमा उम्मेदवारी दिएको सन्दर्भ उल्लेख गर्दै त्यसमा युक्रेन सरकारको सहयोगका लागि आग्रह पनि गरेको बताइएको छ ।

### निजामती...

यसका अलावा स्वास्थ्य सेवा र संसद् सेवाका कर्मचारीले निजामतीमा खुल्ला प्रतिस्पर्धा गर्न पाउनेलगायतका विषयमा पनि समितिले सहमति जुटाएको छ ।

नेताहरूका अनुसार उपसचिवसम्म मात्र खुल्ला प्रवेश रहने विषयमा सहमति जुटेको छ ।

संघीय संसदको चालू अधिवेशन यही चैत तेस्रो साता अगाडि नै अन्त्य गर्ने सरकारको तयारी छ । त्यस अगाडि नै विधेयक समितिबाट पास गरेर सभामा लैजाने तयारीमा रहेको समिति सभापति खतिवडाले जानकारी दिए ।

उपसमितिको म्याद पनि यही ९ चैतमा सकिँदै छ । गत ९ फागुनमा गठन गर्दा नै उपसमितिलाई १ महिनाभित्र विधेयकको प्रतिवेदन ल्याउने गरी समय दिइएको थियो । निर्धारित समयमै प्रतिवेदन तयार पार्ने प्रयासमा रहेको पनि उपसमिति सदस्यहरू बताउँछन् । प्रवेशमा महिलाको अधिकतम उमेर १ वर्ष घटाउन लागिएको उपसमितिका सदस्यहरू बताउँछन् ।

पुरुषको हकमा भने सेवा प्रवेशको अधिकतम उमेर ३५ वर्ष नै कायम गर्नेमा उपसमिति सहमत भएको छ । यीलगायतका निजामती विधेयकका कतिपय विषयमा सहमति नजिक पुगिएको राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडा बताउँछन् ।

उनका अनुसार उपसमितिको बैठक नियमित राखेर निजामती विधेयक पास गर्ने प्रयास भइरहेको छ ।

### ६ एआईजी...

विभाग, प्रदेश समन्य विभाग र केन्द्रीय अनुसन्धान ब्युरोमा एआईजी पद रिक्त छ ।

रिक्त एआईजीका लागि दौडधुप सुरु भएको छ । हाल डीआईजी रहेकामध्ये अधिकांशले एआईजीका लागि लबिङ गरिरहेका प्रहरी स्रोत बताउँछ । लबिङमा रहेकामध्ये सीआईबीमा रहेका डीआईजी चन्द्रकुवेर खापुङ, मधेश प्रदेशका डीआईजी लालमणि आचार्य प्रमुख दाबेदार छन् ।

२९ चैत २०७९ मा डीआईजीमा बढुवा भएका यी २ जनासँगै उनीहरूकै ब्याचका कृष्णहरि शर्मा पनि बलिया दाबेदार हुन् । बाग्मती प्रदेश प्रमुख रहेका शर्मा गत जेठमा मात्र डीआईजीमा बढुवा भएका थिए । डीआईजीमा सँगै बढुवा भएका तर अघिल्लो ब्याचका दानबहादुर कार्की, प्रहरी एकेडेमीमा कार्यरत मनोज केसी, कोशी प्रदेशमा कार्यरत राजन अधिकारी पनि बढुवाका दावेदार हुन् । कार्की हाल हाल लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख छन् ।

डीआईजीहरू सिद्धिविक्रम शाह, सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदी पनि एआईजी बढुवाका लागि लबिङमा छन् ।

# १५५ लक्षित वर्गले पाए निःशुल्क उपचार

**काठमाडौं/मस**–लक्षित वर्ग निःशुल्क उपचार कार्यक्रममा काठमाडौं महानगरपालिकाभित्र भएका अस्पतालले एक वर्षमा २६ जनाको शल्यक्रियासहित एक सय ५५ जनालाई निःशुल्क उपचार गरेका छन् ।



कामपा स्वास्थ्य विभागका अनुसार लक्षित वर्ग निःशुल्क उपचार गराउनुपर्ने कानुनी व्यवस्थाअनुरूप उक्त संख्यामा बिरामीको उपचार गराइएको कामपा शिक्षा स्वास्थ्य समितिका संयोजक चिनीकाजी महर्जन जानकारी दिए ।

कामपाले 'अस्पतालमा निःशुल्क उपचार गराउनेसम्बन्धी कार्यविधि, २०८०' जारी गरेको छ । यसमा भएको व्यवस्था कार्यान्वयन गराउन सबै निजी अस्पताललाई पत्राचार गरेर अनलाइन प्रणालीमार्फत २०८० फागुन १ गतेदेखि सेवा सुरू गराइएको थियो । यस प्रणालीमा महानगरपालिकाभित्रका ५२ वटा अस्पताल आबद्ध छन् । यसमा तीन सय ७४ शय्या निःशुल्क उपचारका लागि उपलब्ध छन् ।

आकस्मिक सेवा, फेमिली मेडिसिन, आँखा, नाक, कान, नसाको रोग, क्यान्सर, दम, क्षयरोगजस्ता छातीसम्बन्धी (पल्मोलोजी), सर्जरी (शल्यक्रिया), स्त्री तथा प्रसूति रोग सेवा, पेटसम्बन्धी सेवा, आँखाको उपचार सेवा लिनुभएको हो । यसरी सेवा लिनेमध्ये सबैभन्दा धेरै ३५ जनाले फेमिली मेडिसिन र २६ जनाले शल्यक्रिया सेवा प्राप्त गर्नुभएको छ । यो सेवा ३२ वटा अस्पतालबाट प्रदान गरिएको हो । यसमा सबैभन्दा धेरै अन्नपूर्ण न्यूरोलोजिकल अस्पतालले २९ जनालाई, काठमाडौं मेडिकल कलेजले १७ जनालाई, काठमाडौं मोडेल अस्पतालले १४ जनालाई, नेपाल आँखा अस्पतालले १२ जनालाई सेवा दिएका छन् । अन्य अस्पतालहरूले बढीमा सात जनालाई र कम्तीमा एक जनालाई सेवा दिएका छन् । निःशुल्क उपचार सेवा लक्षित वर्ग (विपन्न, असहाय र बेवारिसे) का लागि हो ।

जनस्वास्थ्य निरीक्षक एवं कार्यक्रमका स्थानीय स्रोत व्यक्ति धनेन्द्र श्रेष्ठका अनुसार संघ, प्रदेश र स्थानीय सरकारका प्रतिनिधि सम्मिलित एकीकृत अनुगमन प्रणालीबाट उपचार सेवालाई प्रभावकारी बनाउन सम्भव छ ।

लक्षित वर्गले तीन वटा विधिमध्ये कुनै एकबाट सेवा लिन सक्नुहुन्छ। एक विपन्न परिचयपत्र छ भने सिधै अस्पतालमा जान सकिन्छ । दुई, विपन्न परिचयपत्र छैन भने आफू बसोबास गरिरहेको वडाबाट तोकिएको ढाँचामा सिफारिस, सर्जमिन मुचुल्कासहितका कागजपत्र लिएर सेवा लिन सकिन्छ । तीन, यी दुईवटै अवस्थाका कागजपत्र लिन नसक्नेहरूले आफू विपन्न भएको प्रमाण लिएर महानगरपालिकाको निःशुल्क स्वास्थ्य सेवा सहजीकरण एकाइमा सम्पर्क गर्न सकिनेछ । प्रमाण प्रमाणित हुनसकेमा एकाइले सिफारिस गर्नेछ ।

# स्वीकृति नलिई प्रकाशन गरिएका भित्तेपात्रो जफत गरिने

**काठमाडौं**/मस-संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले पात्रो तथा भित्तेपात्रो प्रकाशन गर्नुअघि स्वीकृति लिन आह्वान गरेको छ ।

मन्त्रिपरिषद्को विसं २०७७ पुस २० गतेको बैठकले समिति गठन आदेश स्वीकृत गरी लागू भएपछि पात्रो तथा भित्तेपात्रो प्रकाशन गर्नुपूर्व समितिको अनुमति लिनुपर्ने व्यवस्था रहेको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले जानकारी दिए । समितिको स्वीकृति नलिइ पात्रो तथा भित्तेपात्रो प्रकाशन गर्दा चाडपर्व, बिदालगायत विषयमा फरक पर्न जाने भएकाले त्यसो नगर्न समितिले अनुरोध गरेको हो ।

समितिको स्वीकृति नलिइ प्रकाशन भएका पात्रो तथा भित्तेपात्रोका विषयमा बजार अनुगमन भइरहेको पनि उनले सुनाए ।

समाजमा भ्रम फैल्याउने उद्देश्यले प्रकाशन हुने समितिको स्वीकृति नलिएका पात्रो तथा भित्तेपात्रोलाई बजार अनुगमनका क्रममा जफत गरी प्रकाशकलाई कानुनअनुसार कारबाही गरिने पनि समितिले जनाएको छ ।

यससम्बन्धी थप जानकारी आवश्यक परे नारायणहिटीस्थित समितिको कार्यालयमा सम्पर्क गर्न सकिने पनि कार्यकारी निर्देशक ढुंगेलले बताए । समितिको गठन आदेश जारी भएपछि बजार अनुगमन गरेरै पात्रो र भित्तेपात्रो नियमन हुँदै आएको छ ।

### बेलुन विस्फोट घटना

# छानबिन समितिले गृहमन्त्रीलाई प्रतिवेदन बुझायो

**काठमाडौं/मस–**पोखरामा आयोजित 'पोखरा भ्रमण वर्ष २०२५' उद्घाटन समारोहमा भएको बेलुन विस्फोटको विषयको अनुसन्धान गर्न गठिन छानविन समितिले मंगलबार गृहमन्त्री रमेश लेखकलाई प्रतिवेदन बुझाएको छ। भ्रमण वर्ष उद्घाटनका क्रममा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेल र पोखराका मेयर धनराज आचार्य घाइते भएका थिए।

घटना लगत्तै गृहमन्त्री लेखकले मन्त्रीस्तरको निर्णय गर्दै कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेको संयोजकत्वमा आठ सदस्यीय छानविन समिति गठन गरेका थिए।

समितिले घटनाको विस्तृत छानविन गरी र आगामी दिनमा यसप्रकारका घटना दोहोरिन नदिन पूर्वसर्तकता र अवलम्वन गर्नुपर्ने उपायसहितको प्रतिवेदन बुझाएको गृह मन्त्रालयले जनाएको छ।

प्रतिवेदन बुझ्दै गृहमन्त्री लेखकले प्रतिवेदनमा उल्लेख भएका विषय कार्यान्वयनका लागि गृहसचिव गोकर्णमणि दुवाडीलाई निर्देशन दिएका थिए।



समितिले विशिष्ट व्यक्तिहरुको सहभागिता रहने कार्यक्रममा विशिष्ट व्यक्ति स्वयंले संवेदनशीलता ख्याल गर्नुपर्ने, सुरक्षालाई भन्दा उपस्थितिलाई मात्र प्राथमिकता दिने प्रवृत्तिलाई निरुतसाहित गर्नुपर्ने, मञ्चका कार्यक्रमहरुमा प्रज्वलनशिल पदार्थहरुको प्रयोग गर्न पूर्ण रुपमा रोक लगाउनुपर्ने र प्रविधिका नाउँमा जोखिम मूल्यांकन नगरी कुनै कार्यक्रमहरु औपचारिक समारोहमा समावेश गर्न नहुने लगायतका सुझावसहितको विषय समेटिएको छ।

त्यसका साथै भविष्यमा यस प्रकारका घटना हुन नदिन सुधार गर्नुपर्ने विषयहरू समेत प्रतिवेदनमा उल्लेख गरिएको छ। जसमा विस्फोटक रसायन र प्रज्वलनशील पदार्थको अनाधिकृत आपूर्ति तथा उपयोगमा बन्देज लगाउनुपर्ने, यस्ता प्रकृतिका कार्यक्रम आयोजना गर्नुपूर्व अनुमति लिने क्रममा स्थानीय प्रशासनलाई कार्यक्रमको रुपरेखा उपलव्ध गराउनुपर्ने व्यवस्था मिलाउनुपर्ने, कार्यक्रममा सुरक्षा मापदण्डलाई ध्यानमा राखी सुरक्षित विकल्पहरुको उपयोग गर्ने, बेलुन उडाउन आवश्यक भएमा अप्रज्वलनशील हिलियम ग्याँस प्रयोग गर्ने, यस्ता प्रकृतिका कार्यक्रममा अनुमति विना आतिसबाजी तथा विष्फोटक रसायनको प्रयोगलाई पूर्णतः बन्देज लगाउनुपर्ने र सार्वजनिक कार्यक्रममा सहभागी हुने विशिष्ट/अतिविशिष्ट व्यक्तिले समेत आफू सहभागी हुने सार्वजनिक कार्यक्रमको सञ्चालन र व्यवस्थापन बारे अग्रिम जानकारी लिई सुरक्षाको सुनिश्चितता भई कार्यक्रममा उपस्थिति हुने संस्कारको विकास गर्नुपर्ने लगायतका विषय सुधार गर्नुपर्ने उल्लेखछ।

त्यसैगरी यस प्रकारका कार्यक्रम संचालनपूर्व आयोजक पक्षबाट योजना बनाउने र सरोकारवाला निकायहरुसँग निरन्तर रुपमा प्रभावकारी समन्वय गर्नुपर्ने, सार्वजनिक कार्यक्रमहरु (सभा, सम्मेलन, मेला, महोत्सव, प्रदर्शनी, ऱ्याली लगायतका कार्यक्रम) संचालन गर्ने सन्दर्भमा सुरक्षा व्यवस्था, विपद् व्यवस्थापन, कार्यक्रम सञ्चालन विधि लगायतका विषयहरु समेत समेट्नेगरी स्पष्ट कार्यविधि मापदण्ड तर्जुमा गर्नुपर्ने समितिको सुझाव छ।

# नवनियुक्त उपकुलपतिद्वारा शपथ ग्रहण



**काठमाडौं/मस–** प्रधानमन्त्री एवं काठमाडौं विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीसमक्ष उक्त विश्वविद्यालयका नवनियुक्त उपकुलपति प्राडा अच्युतप्रसाद वाग्लेले मंगलबार पद तथा गोपनीयताको शपथ लिएका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित कार्यक्रममा उपकुलपति डा.वाग्लेले शपथ लिएका हुन्। कुलपति ओलीले विश्वविद्यालयको रिक्त उपकुलपति छनोटका लागि गठित खोज तथा सिफारिस समितिको सिफारिसका आधारमा डा.वाग्लेलाई सो विश्वविद्यालयको ऐन, २०४८ को दफा १३ (४) बमोजिम सोमबार नियुक्त गरेका हुन्। प्रधानमन्त्री ओलीले उपकुलपति नियुक्तिमा हुन पुगेको ढिलाइको सन्दर्भसमेतलाई ध्यान दिएर आगामी दिनमा सजगताका साथ सम्बन्धित सबै पक्षको साझा विश्वविद्यालय बनाउने गरी काम अघि बढाउन शुभकामना दिए।

त्यस अवसरमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, मुख्यसचिव एकनारायण अर्याल, शिक्षा मन्त्रालयका सचिव डा.दीपक काफ्लेलगायत सहभागी थिए। नवनियुक्त उपकुलपति प्रा.डा.वाग्ले यसअघि सो विश्वविद्यालयका कार्यवाहक उपकुलपति एवं रजिष्ट्रार थिए।

# आगलागीबाट १७ घर नष्ट



**भोजपुर/मस–** भोजपुरमा हावाहुरीसँगै सोमबार लागेको आगलागीबाट १७ घर, आठ पाली र १० वटा गोठ जलेर नष्ट भएको छ। जिल्ला प्रहरी कार्यालय भोजपुरको विवरणअनुसार आगलागीबाट ती संरचनाहरू नष्ट भएका हुन्।

नजिकैको पारपानी टड्टङ्गेडाँडास्थित इनामे सामुदायिक वनमा लागेको आगो बस्तीसम्म आइपुग्दा भोजपुर नगरपालिका-१२ पारपानीका स्थानीय शम्भु चापागाईंको पाली, सोभित श्रेष्ठको घर पाली, गोमा दर्जीको घर, रामबहादुर कार्कीको घर पाली, गोपीकृष्ण धमलाको पाली, रूद्रप्रसाद ढकालको घर पाली, शेखर धमलाको घर, तीर्थप्रसाद सुवेदीको घर पाली, चन्द्रप्रसाद सुवेदीको घर, रामबहादुर कार्कीको घर पाली र गोविन्द चापागाईंको पाली नष्ट भएको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ।

यस्तै हावाहुरीसँगैको आगलागीले भोजपुरको रामप्रसाद राई गाउँपालिका वडा नं ४, दलगाउँ केराबारीमा चार घर जलेर नष्ट भएको छ भने दुई वटा गाईगोठ र तीन वटा सुँगुरसमेत जलेर मरेको छ। स्थानीय कुमार राईको ढुंगामाटाले बनेको घर, गजेन्द्र राईको घर, उमेश राईको घर र मानबहादुर तामाङको घर जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

यस्तै चण्डीराज राईको गाईगोठ, कोपिला राईको गोठ पनि नष्ट भएको छ। बाँसघारीमा लागेको आगो सल्कदै बस्तीसम्म पुग्दा क्षति भएको हो।

जिल्लाको पूर्वी अरूण गाउँपालिका-७, सिक्रेटारस्थित जलसिंह सामुदायिक वनमा लागेको आगोले स्थानीय दत्तनारायण श्रेष्ठको ढुंगा माटोले बनेको घर र गाईगोठ र राजकुमार तामाङको घर जलेको छ भने भेषराज कोइरालाको गोठ, मित्रबहादुर राईको गोठ, विक्रम राईको गोठ पनि जलेको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ। अरूण गाउँपालिकाको वडा नं ४ मा वनमा लागेको डढेलो सल्कदा स्थानीय सीतादेवी भुजेलको ढुंगामाटोले बनेको घर र गोठ जलेको छ भने दानबहादुर भुजेलको खाली घर र कमला देवी भुजेलको फुसको छानो भएको गोठसमेत जलेर नष्ट भएको अस्थायी प्रहरी पोष्ट चरम्बीले जनाएको छ।

आगलागीबाट भोजपुरको दक्षिण हतुवागढी गाउँपालिका वडा नं ६, माटोखानीका जयनारायण राईको ढुंगा र माटोले बनेको एकतले घर, गोठ र तीन वटा बाख्रासमेत जलेर मरेका छन्। इलाका प्रहरी कार्यालय घोडेटारका अनुसार आगलागीबाट एक लाख ८८ हजार बराबरको क्षति भएको छ।

# अस्पताल तथा स्वास्थ्य संस्था दर्ता, नवीकरण, स्तरोन्नति अनलाइनबाटै



**भक्तपुर/मस–** बागमती प्रदेशका १३ जिल्लामा सञ्चालित सम्पूर्ण अस्पताल तथा स्वास्थ्य संस्थाहरु दर्ता, नवीकरण तथा स्तरोन्नतिका लागि 'अनलाइन' बाटै आवेदन दिन सकिने भएको छ।

बाग्मती प्रदेश सरकारले आफ्नो प्रदेशभित्रका स्वास्थ्य संस्थाहरुको दर्ता, नवीरकण तथा स्तरोन्नतिका लागि अनलाइन सेवा शुभारम्भ गरेको बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापा मगरले जानकारी दिए।

निजीस्तरका अस्पताल तथा स्वास्थ्य संस्थाहरु दर्ता, नवीकरण र स्तरोन्नति हुनुअगाडि सम्बन्धित निकायबाट हुने अनुगमनमा आर्थिक चलखेलको आरोप लागेपछि बाग्मती प्रदेश सरकारले अनलाइनबाटै आवेदन दिने गरी सेवा सञ्चालनमा ल्याएको हो।

स्वास्थ्यमन्त्री थापाले भने, 'बाग्मती प्रदेशभित्रका सबै अस्पताल तथा स्वास्थ्य संस्थाहरु दर्ता तथा नवीकरण सुरु गरेका छौं, यसका लागि अब कुनै झन्झट व्यहोर्नु पर्दैन।' उनले अनलाइनबाट आवदेन दिएपछि मापदण्ड पूरा भए नभएको हेरेर दर्ता नवीकरण र स्तरोन्नति गरिने बताए। मापदण्ड पूरा नगरेका स्वास्थ्य संस्थाहरुको हकमा मन्त्रालयले ६ महिनाको समय थप दिने, ६ महिनाभित्र पनि मापदण्ड पूरा नगर्नेहरुको दर्ता, नवीकरण नगरिने र सेवा बन्द गर्ने/गराउने प्रक्रियामा जाने बताए।

मन्त्री थापाले स्वास्थ्य सेवा ऐन पारित गरेसँगै बाग्मती प्रदेशभित्रका सरकारी अस्पतालहरुले नर्सिङ कलेज सञ्चालन गर्न खुल्ला भएको बताए। मन्त्री थापाले अस्पतालको सेवालाई चुस्त र दुरुस्त बनाउने ई-हाजिरी सेवा सुरु गरेर बाग्मती प्रदेश मन्त्रालयबाटै दैनिक निरीक्षण गर्ने व्यवस्था गर्न लागिएको बताए।

मन्त्रालयको सचिव डा.सुमित्रा गौतमले निजी अस्पताल एवं स्वास्थ्य संस्थाहरुलाई सहजीकरणसँगै नियमनमा कडाइ गर्ने तयारी गरेको बताइन्। मन्त्रालयले निजी स्वास्थ्य संस्थाहरुको नियमनलाई पनि चुस्त-दुरुस्त बनाउन सेवाहरुको मूल्य निर्धारण गर्ने, १० प्रतिशत शय्या गरिबहरुका लागि दिए/नदिएको हेर्ने र अनिवार्य गर्न कडाइ गर्ने, सबै अस्पताल एवं स्वास्थ्य संस्थाहरुको मन्त्रालयबाटै निरीक्षण गर्न सक्ने व्यवस्था गर्ने गरी तयारी गरेको उनले बताइन्।

# उदयपुरमा ३ घर जलेर नष्ट



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ५ चैत

उदयपुरको चौदण्डीगढी नगरपालिकामा मंगलबार ३ घर जलेर नष्ट भएको छ। नगरपालिकाको वडा नम्बर ७ कल्याण चोकमा लागेको भीषण आगोले ३ घर पूर्ण रुपमा जल्नुका साथै लाखौको क्षती पुगेको छ।

जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार स्थानीय सरन राईको घरमा विद्युत् सर्ट भइ आगलागी भएको हो।

सरनको घरबाट सुरु भएको आगो स्थानीय कालुमान राई र सर्वधन राईको घर पूर्णरुपले जलेर नष्ट भएको छ। सिमेन्ट, काठ र टिनले बनेको दुई तले, तीन वटा घर जलेर पूर्णरुपमा नष्ट भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जानकारी दिएको छ।

आगलागी बाट घर पूर्णतः जलेर नष्ट भएको छ भने घर भित्रका सर-सामान समेत निकाल्न नसकिएको स्थानीयले बताएका छन्। चौदण्डीगढी नगरपालिका, रौतामाई गाउँपालिका, सप्तरी जिल्लास्थित कञ्चनरुप नगरपालिकाको दमकल, स्थानीय, नेपाल प्रहरी सशस्त्र प्रहरी, नगर प्रहरीले आगो नियन्त्रण लिएको थियो।

# सुनकुडा क्याम्पसमा अनेरास्ववियुका कपिल विष्टसहितको प्यानल विजयी



**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ५ चैत

बझाङको सुनकुडा क्याम्पसमा मंगलबार भएको स्ववियु निर्वाचनमा अनेरास्ववियुका कपिल विष्टको प्यानल विजयी भएको छ। एमाले निकट अनेरास्ववियु, समाजवादी निकट अनेरास्ववियु र माओवादी केन्द्र निकट अखिल क्रान्तिकारी गरी तीन संगठनबीच तालमेल भएको थियो। ३ सय ३८ मतदाता रहेको सुनकुडा क्याम्पसमा २ सय ३३ मत खसेको थियो। विष्टले १ सय ४१ मत ल्याएर विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वी नेविसंघका जयदेव भट्टले ७७ मत ल्याएका थिए।

# भन्सार छलीको चुरोट बरामद



**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ५ चैत

कृष्णनगर न.पा-२ स्थित ब्यारियर चेकपोस्टबाट सशस्त्र प्रहरीले भारतबाट भन्सार छलेर ल्याइएको १५ लाख रुपैयाँ बराबरको अवैध चुरोट बरामद गरेको छ।

चेकजाँचका क्रममा काठमाडौं जाँदै गरेको लु. २ ख ६५४१ नम्बरको डिलक्स बसको डिक्कीबाट उक्त चुरोट बरामद गरिएको हो।

सशस्त्र प्रहरी सहायक निरीक्षक गगन बलामी मगरको नेतृत्वमा खटिएको टोलीले रिचमण्ड ३ हजार प्याकेट, म्यानचेस्टर १ हजार प्याकेट र एल एण्ड बी १ हजार प्याकेट चुरोट बरामद गरेको छ। पश्चिमाञ्चलका गाडीहरूमा तस्करी भइरहेको गुनासो आइरहेको बेला प्रहरीले सक्रिय अनुगमन थालेको छ। प्रहरी स्रोतका अनुसार ड्राइभर र सहचालककै मिलेमतोमा कपडा, चिनी, गाडीका पार्टस लगायतका सामग्री भारतको बढनी बजार नजिकबाट ल्याइ काठमाडौं पुऱ्याउने गरिएको छ। तर, बरामद चुरोटबारे चालक र सहचालकले अनभिज्ञता जनाएको बताइएको छ। बरामद अवैध चुरोटलाई आवश्यक कानुनी कारबाहीका लागि कृष्णनगर भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ।

# प्रहरीमा जागिर लगाइदिने भन्दै ठगी

**रौतहट/मस–** प्रहरीमा जागिर लगाइ दिने प्रलोभनमा पारी रकम ठगी गरेको आरोपमा एक महिलालाई पक्राउ गरेको छ। नेपाल प्रहरीमा जागिर लगाइदिने भनेर रकम ठगी गरेको आरोपमा प्रहरीले ३२ वर्षीया लक्ष्मी कुमारी महतोलाई पक्राउ गरेको हो।



जिल्ला प्रहरी कार्यालय सर्लाहीले जारी गरेको प्रेस नोटमा हरिपूर्वा नगरपालिका वडा नम्वर ५ का २१ वर्षीय शिवमकुमार यादवसँग नेपाल प्रहरीमा जागिर लगाइदिन्छु भनेर लालबन्दी नगरपालिका वडा नम्बर १७ बस्ने महतोले ठगी गरेको उल्लेख छ।

महतोले पटक-पटक गरेर दुई लाख ७५ हजार रकम लिएर ठगी गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी सरोज राईले जानकारी दिए। उनका अनुसार ठगीमा परेका पीडित शिवमका दाइ सिपिन्द्र प्रसाद यादवले ठगी तथा आपराधिक विश्वासघात शिर्षकमा दिएको जाहेरीका आधारमा गत आइतबार महतोलाई पक्राउ गरिएको हो। सर्लाही जिल्ला अदलातबाट पाँच दिनको म्याद थप गराएर हिरासतमा राखि आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

# ८ महिनामा २० गैंडा मरे

**चितवन/मस–** चालु आर्थिक वर्षको आठ महिनामा २० वटा गैंडा मृत भेटिएका छन्।

चितवन राष्ट्रिय निकुञ्ज तथा यस आसपासका क्षेत्रमा ती गैंडा मृत भेटिएका हुन्।

निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार चालु आर्थिक वर्षमा मृत भेटिएका गैंडाहरु प्राकृतिक कारणले मरेका हुन्।

बाघ तथा गोहीको आक्रमणमा परेर, एकापसमा जुधेर, बिरामी भएर, दलदलमा फसेर र बुढो भएर मरेका हुन्। यस आर्थिक वर्षमा चोरी-सिकारीका कारण भने गैंडा नमरेको उनले जानकारी दिए। गत आर्थिक वर्षमा २१ वटा गैंडा मरेका थिए। मरेका गैंडामध्ये १८ वटा प्राकृतिक कारणले हो भने दुईवटा चोरी-सिकारीले र एउटाको कारण खुल्न नसकेको उनले बताए।



मगरका अनुसार आर्थिक वर्ष २०७९/८० मा चितवन राष्ट्रिय निकुञ्जमा २२ वटा गैंडा मरेका थिए। जसमध्ये २० वटा कालगतिले, एउटा विद्युतीय करेन्टबाट र एउटा चोरी-सिकारीले मारेका थिए। प्राकृतिक कारणले धेरै गैंडा मरेपछि वन तथा वातावरण मन्त्रालयले मृत्युको कारण खोजी गर्न समिति बनाएको थियो। पछिल्ला वर्षहरुमा प्राकृतिक कारणबाट हुने गैंडाको मृत्यु दर घट्दै आएको छ। आव २०७५/७६ मा प्राकृतिक कारणले मात्र ४३ गैंडा मरेका थिए। त्यसपछिका वर्षहरुमा प्राकृतिक कारणले हुने मृत्युदर घट्दै आएको छ।

सन् २०२१ को गणनाअनुसार नेपालमा गैंडाको संख्या ७५२ रहेको छ। एकसिंगे गैंडाको संख्या सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्जमा ६९४ रहेको छ। बर्दियामा ३८, शुक्लाफाँटामा १८ र पर्सामा तीन गैंडा रहेको तथ्यांक छ। चालु आर्थिक वर्षमा गैंडा गणना कार्यक्रम रहेपनि स्थगन भएको छ।

**Saudi मा रोजगार** **Al Falak Manpower Service Company**

पुनः विज्ञापन, पूर्वः स्वीकृति मितिः २०८०/१२/१९ चलानी नं. ६०२१७७५५ LT No.:302937

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Worker | 22 | साधारण | 1000 | ३६,९००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

नोट: यसै कम्पनीको लागि Furniture Carpenter, Wood Painter, Wall painter, Welder Fabricator, Gypsum Carpenter, Tile Mason, Plumber, Carpenter Team Leader, Electrical Supervisor, Electrician, Ac Technician, Wood Sanders, Wood Polisher, Cleaner, Driver (Light), Corian Fabricator, Facility Maintenance Supervisor/Engineer, Joinery Senior Draftsman, Joinery Senior Estimator, Joinery Senior Quantity Surveyor, Senior Architect, Fit Out Supervisor, Document Controller, Storekeeper, Site Engineer, QA/QC Engineer, Sharpening Guy, Industrial Machine Maintenance, CNC Machine Operator, Safety Officer (Site & Gulf Experienced) र Scaffolder (Certified) हरुको पनि माग भएकाले निःशुल्क परापर्शको लागि सम्पर्क गर्नुहोला।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००८/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८१ चैत्र १३ र १४ गते (26 & 27 March, 2025) पि.आई. टि. ट्रेनिङ सेन्टर, जनकपुरमा, २०८१ चैत्र १५ गते (28 March, 2025) अक्टोपस ट्रेनिङ सेन्टर, दमक झापा र झापा ट्रेनिङ सेन्टर, विर्तामोडमा, २०८१ चैत्र १६ गते (29 March, 2025) सुनसरी टेक्निकल ट्रेनिङ सेन्टर इटहरीमा र २०८१ चैत्र १७ गते (30 March, 2025) वर्ल्ड नेट ट्रेनिङ सेन्टर सुकेधारा काठमाडौंमा हुनेछ।

**Continental HRD Consultants Pvt. Ltd.**
Gov.Lic.no.: 983/067/068
Baluwatar, Kathmandu, Tel.: 01-4545550, 4530003, 4515055, 9813101269
9851016295, Branch Office Damak-05, Jhapa: 023-582306, 9801414626, 9801414610
Branch Office Pokhara-8, Sabhagrihachowk: 061-581724, 581728, 9810143365
E-mail: continentalnepal01@gmail.com | Web: www.continentalhrd.com

**काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**सूचना प्रकाशन मिति : २०८१/१२/०६ गते**

श्री खम्पाल सामुदायिक वन उपभोक्ता समूह, भागेश्वर.-२, डडेल्धुरा सामुदायिक वनबाट उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको सल्ला जातको गोलिया काठ ४४० थानको ५६८६.४२ क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक सुचिकृत व्यवसाय, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री खम्पाल सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, भागेश्वर.-२, डडेल्धुरा, भागेश्वर सव डिभिजन वन कार्यालय, डडेल्धुराको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री खम्पाल सामुदायिक वन उपभोक्ता समूह, भागेश्वर.-२, डडेल्धुरा**

**ट्राभल प्लान्स टु नेपाल प्रा.लि. को**
**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०५३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७४/११/२१ मा दर्ता भएको (प्रा.लि. नं. १८५०७२) को ट्राभल प्लान्स टु नेपाल प्रा.लि. को संचालकहरुको मिति २०८१/११/२५ गतेमा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसँग कोही कसैको कुनै बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदावी गर्न निम्न लिखित लिक्वीडेटरसँग सम्पर्क राख्न हुन सूचित गरिन्छ।

**गंगा प्र. भेटवाल**
**दामासायी व्यवसायी**
**ईजाजत नं. ४९८**

**जी स्पेश ल फर्म**
**किर्तीपुर-८, काठमाडौं**
**मोवाईल नं. ९८४९७१४८६७**

**ट्राभल प्लान्स टु नेपाल प्रा.लि. को**
**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०५३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७४/११/२१ मा दर्ता भएको (प्रा.लि. नं. १८५०७२) को ट्राभल प्लान्स टु नेपाल प्रा.लि. को संचालकहरुको मिति २०८१/११/२५ गतेमा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसँग कोही कसैको कुनै बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदावी गर्न निम्न लिखित लिक्वीडेटरसँग सम्पर्क राख्न हुन सूचित गरिन्छ।

**गंगा प्र. भेटवाल**
**दामासायी व्यवसायी**
**ईजाजत नं. ४९८**

**जी स्पेश ल फर्म**
**किर्तीपुर-८, काठमाडौं**
**मोवाईल नं. ९८४९७१४८६७**

मध्यान्ह
www.madhyanhadaily.com
६ चैत २०८१ बुधबार
19 March 2025, Wednesday

## सम्पादकीय

# दौडधुपको अन्तर्य

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले भारतीय समकक्षी एस जयशंकरसँग भेटवार्ता गरेको तस्बिर सामाजिक संजालमा सार्वजनिक गरेकी छन् । राइसिना डायलग कार्यक्रमका निम्ति एक साताको कार्यसूचीसहित भारत भ्रमणमा रहेकी मन्त्री राणाको यो भेटवार्तालाई चासोका साथ हेरिएको छ । मन्त्री राणाले पनि सन्देश दिनकै निम्ति तस्बिर सार्वजनिक गरेको बुझ्न गाह्रो पर्दैन । तर, भेटमा २ देशको सम्बन्धबारे छलफल भएको मात्र लेखेकी छन् । परराष्ट्रमन्त्रीस्तरीय भेटवार्ता, त्यो पनि अर्कै कार्यक्रम प्रयोजनमा भएको साइडलाइन सम्वादलाई यति धेरै महत्त्व दिइनुमा भने २ देशबीचको सम्बन्ध कारण हो । एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकारप्रति भारतीय संस्थापन सन्तुष्ट देखिएको छैन ।

ओली प्रधानमन्त्री बनेको ९ महिना पुग्न लाग्दासमेत भारत भ्रमण हुन सकेको छैन भने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पनि नेपाल आएका छैनन् । अमेरिकामा आयोजित अर्कै कार्यक्रमका सन्दर्भमा मोदीसँग भएको साइडलाइन नै अहिलेसम्म दक्षिणी छिमेकसँग ओलीको उच्चतम भेटवार्ता हो । यो बीचमा प्रधानमन्त्री ओलीले उत्तरी छिमेक चीनको भ्रमण गरिसके । नेपालका प्रधानमन्त्रीको पहिलो विदेश भ्रमण भारतबाट गर्ने परम्परा तोड्दै ओलीले चीनको औपचारिक भ्रमण गरेका थिए । चीनबाट फर्केलगत्तै भारत भ्रमण गर्ने ओलीले सार्वजनिक रूपमै बताउने गरेका छन् । तर, भ्रमण हुन सकेको छैन बरू केही पटक परराष्ट्रमन्त्री राणाले भारत भ्रमण गरिसकिन् । भेटवार्तामा सधैं प्रधानमन्त्रीस्तरीय भ्रमणको कुरा हुने गरेको छ तर अहिलेसम्म एकअर्का प्रधानमन्त्रीको भ्रमण हुन सकेको छैन ।

त्यसैले, भारतीय विदेशमन्त्री एस जयशंकरसँग मन्त्री राणाको भेट-तस्बिरलाई चासोका साथ हेरिएको सहज अनुमान लगाउन सकिन्छ । विगतका तथ्यहरूले पनि मन्त्री राणाको प्रयत्न नै वर्तमान सरकार र भारतीय संस्थापनबीचको सम्बन्ध सुधारमा केन्द्रित रहेको देखिन्छ । यसको अर्थ अरू देशहरूसँगको सम्बन्धप्रति पहल नलिएको भन्ने होइन, तर भारतसँग सम्बन्धमा अलिक बढी पहलकदमी भइरहेको छ । यही अवस्थालाई लिएर नेपालमा सरकार परिवर्तनको संभावनाबारे पनि विश्लेषण सुनिन्छ । त्यस्तो विश्लेषण अथवा प्रयत्न राम्रो होइन । यदि सरकार फेरिने हो भने त्यसको कारण संसद्को समीकरण हुनुपर्छ । नेताहरूको विवेक हुनुपर्छ । बाह्य कारण सरकार फेरिनु सार्वभौम मुलुकले कल्पना पनि गर्न सक्दैन । हाम्रा मन्त्री, प्रधानमन्त्री र नेताहरूले यसबारे हेक्का राख्नुपर्छ ।

# भ्रष्टाचार नियन्त्रणको सवाल

अग्रलेख



● गम्भीरबहादुर हाडा

भ्रष्टाचारको शाब्दिक अर्थ खराब स्वभाव, नराम्रो नियत वा अनुचित कार्य हो । नेपाल सरकारको वा कुनै संगठित संस्थासँग गरेको शर्त, कबुलियतबाट नियुक्त, मनोनयन, निर्वाचित र नेपाल सरकारको कुनै संगठित संस्थाबाट आधा वा पूरै तोकिएको तलब, भत्ता, पारिश्रमिक, आर्थिक सुविधा, अन्य सुविधा, अधिकार र सार्वजनिक जबाफदेही भएको पद धारण गरेको राष्ट्र सेवकले आफू वा आफ्ना पक्षका मानिसलाई आर्थिक, सामाजिक, नैतिक, चारित्रिक, राजनीतिक आदि जस्ता कुनै फाइदा पुऱ्याउनु र अर्कोपट्टिलाई आर्थिक ख्याति, मान, इज्जत, प्रतिष्ठा आदि कुनै हानि नोक्सानी पुऱ्याउने कार्यलाई नै भ्रष्टाचार भनिन्छ ।

यसभित्र दिने वा लिन लगाउने कार्यसमेत पर्छन् । यो नितान्तः गैरकानुनी र राष्ट्र सेवकका निम्ति पूर्णतः प्रतिबन्धित पनि हुन्छ । यस्तो कार्य गरेको ठहर भई अदालतबाट प्रमाणितसमेत भएमा नैतिक पतन मानिने हुँदा यसलाई नैतिक पतन हुने गम्भीर फौजदारी अपराधको वर्गीकरणमा समेत पारिएको छ ।

सामान्यतयाः ५ किसिमका भ्रष्टाचारको चर्चा जनमानसमा हुने गरेको पाइन्छ । १. आर्थिक भ्रष्टाचार २. राजनीतिक भ्रष्टाचार ३. प्रशासनिक भ्रष्टाचार ४. कानुनी भ्रष्टाचार र ५. सामाजिक भ्रष्टाचार ।

धेरैको भनाइमा भ्रष्टाचार आर्थिक विपन्नताकै कारणले हुन्छ अर्थात् गरिब व्यक्तिहरू अनि गरीब मुलुकमा बढी भ्रष्टाचार हुन्छ । यो धनी मानिस वा धनी मुलुकको तर्क हो । तर, वास्तविकता फरक छ । संसारको सम्पन्न देशका सम्पन्न व्यक्तिहरू पनि भ्रष्टाचारमा संलग्न भएका घटनाहरू सबैको सामु देखापरेका छन् ।



भ्रष्टाचार नियन्त्रण र सुशासनमा नेपालको अवस्था निराशाजनक देखिएको छ । भ्रष्टाचारविरूद्ध क्रियाशील ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकांक प्रतिवेदनअनुसार नेपाल अतिभ्रष्टाचार हुने मुलुकको सूचीमा पर्ने गरेको छ ।

भ्रष्टाचार र अनियमितताले मुलुक चुर्लुम्म डुबेको छ । सत्ता र शक्तिमा रहेकामध्ये अधिकांश भ्रष्टाचारले गह्नाएका छन् र यो क्रम रोकिएको छैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनले पनि मुलुकमा अनियमितता नरोकिएको देखाएको छ । निजामती कर्मचारीलाई सबैभन्दा भ्रष्टको संज्ञा दिइन्छ । अख्तियारको प्रतिवेदनले पनि राज्यकोष लुट्नेहरूमा सबैभन्दा बढी सरकारी कर्मचारी देखिएका छन् ।

आर्थिक सर्वेक्षण २०८०/०८१ मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा सार्वजनिक निकायमा काम कारबाहीलाई पारदर्शी, जबाफदेही र छिटो छरितो बनाउँदै सार्वजनिक सेवा सुविधामा जनताको पहुँच सुनिश्चित हुनेगरी सुशासनको प्रत्याभूति गर्न आवश्यक कानुनको निर्माण, संस्थागत व्यवस्था, कार्यसंस्कृतिमा सुधार र सूचना प्रविधिको उपयोग हुँदै आएको छ । सम्पत्ति शुद्धीकरण र सोसँग सम्बन्धित आधारभूत कानुनी संरचना निर्माण भएका छन् ।

साथै, राष्ट्रिय र अन्तर्राष्ट्रिय आवश्यकताअनुसार त्यस्ता कानुनी र संस्थागत संरचनालाई सुदृढ बनाउन थप सुधारका कार्य अगाडि बढेका छन् । सार्वजनिक निकायबाट हुने खरिद कार्यलाई थप पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउन विद्युतीय खरिद निर्देशिका, २०८० कार्यान्वयनमा आएको छ । सार्वजनिक खरिदमा संलग्न भई कानुनबमोजिम जिम्मेवारी बहन नगर्ने वा गैरकानुनी हानि नोक्सानी पुऱ्याउने विभिन्न १६२ व्यक्ति/फर्म/संस्था/कम्पनी कालोसूचीमा परेका छन् ।

भ्रष्टाचार र अनियमितताले मुलुक चुर्लुम्म डुबेको छ । सत्ता र शक्तिमा रहेकामध्ये अधिकांश भ्रष्टाचारले गनाएका छन् र यो क्रम रोकिएको छैन । सरकारी निकायकै प्रतिवेदनलाई हेर्दा, मुलुकमा अनियमितताका विषय सामान्य बनेका छन्, जुन रोकिएको छैन, बरु बढ्दो क्रममा छ...

स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन प्रणाली कार्यान्वयनमा छ । गत आर्थिक वर्षमा ७४९ स्थानीय तहले संस्थागत क्षमता स्वमूल्यांकन सम्पन्न गरेका थिए । स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्न वित्तीय गर्ने कार्य थालनी भएको छ । यद्यपि, बढ्दो भ्रष्टाचार नियन्त्रण गर्नका लागि कुनै पनि सरकारी निकायको काम गर्ने प्रयासलाई भ्रष्टाचारले सफल हुन दिँदैन । संस्थागत जनचेतना अभिवृद्धिका कार्यक्रमले नागरिकलाई अपराध नियन्त्रणमा सक्रिय भूमिका खेल्न प्रेरित गर्न सक्छ । शैक्षिक अभियानहरू, कार्यशालाहरू र अन्य कार्यक्रमहरूले जनतालाई अपराधबारे शिक्षित गर्न र आपराधिक गतिविधिहरूबारे जानकारी गर्न प्रोत्साहन गर्न सक्छ ।

वर्तमान १६औं योजना (२०८१/०८२-२०८५/०८६) मा भ्रष्टाचार नियन्त्रण तथा सुशासनसम्बन्धी नीति, रणनीति तथा कार्यक्रमअन्तर्गत उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि समय र दुरी छोटचाउने यातायात तथा पारवहन सुविधाको विस्तार गर्दै उत्पादन क्षेत्रलाई बजारसँग जोड्ने ग्रामीण र शहरी अर्थतन्त्रबीच सन्तुलन तथा समन्वय कायम गर्न यातायात तथा संचार आवद्धता बढाउने नीति राखिएको छ ।

कृषि, उद्योग, ऊर्जा, सिँचाइ, जलस्रोत, पर्यटन, व्यापारलगायतका क्षेत्रमा अध्ययन अनुसन्धानका लागि नीतिगत तथा संस्थागत व्यवस्था, लगानी अभिवृद्धि र जनशक्तिको क्षमता अभिवृद्धि गर्ने, अध्ययन, अनुसन्धानबाट प्राप्त नतिजा तथा सुझावलाई कृषि तथा उद्योगलगायतका क्षेत्रको विकासमा उपयोग गर्ने उद्देश्य राखिएको छ ।

उत्पादनदेखि उपभोगसम्मका विभिन्न चरणमा आबद्ध सरोकारवाला व्यक्ति तथा निकायहरूका कामकारबाहीलाई पारदर्शी, जिम्मेवार र उत्तरदायी बनाउने, नियमनकारी निकायहरूको नियमन प्रणालीलाई प्रभावकारी बनाउने र अन्तर सरकारी तथा तहगत निकायहरूबीच अन्तरसम्बन्ध स्थापित गरी उत्पादनशील क्षेत्रमा संस्थागत सुदृढीकरण गर्ने रणनीति राखिएको छ । उत्पादनका साधनहरूको क्षमता तथा कुशलता अभिवृद्धिका लागि आधुनिक सूचना प्रविधिको प्रयोग बढाउने, अर्थतन्त्रका क्षेत्रगत उत्पादन अभिवृद्धिका लागि सूचना प्रविधिको प्रयोग बढाई क्षेत्रगत अग्र तथा पृष्ठ सम्बन्ध स्थापित गर्न सूचना संजाल तथा प्रविधिको प्रयोगमा जोड दिने आदि जस्ता नीति रणनीतिहरू राखिएको पाइन्छ ।

आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा शासकीय सुधार कार्यक्रमअन्तर्गत संघीय निजामती सेवा कानुन यसै अधिवेशनबाट पारित गरी कार्यान्वयन गरिने कार्यक्रम राखिएको छ । राष्ट्रसेवक कर्मचारीको मनोबल बढाउन, काममा उत्प्रेरित गराउन, सेवा सुरक्षा, संरक्षण र अनुमानयोग्य सरुवा बढुवा प्रणाली सुनिश्चित गरिने कार्यक्रम राखिएको छ । सार्वजनिक क्षेत्रमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाहलाई थप सुदृढ गरिने कार्यक्रम राखिएको छ । इ-गभर्नेन्सका माध्यमबाट सार्वजनिक सेवालाई मुहाररहित, कागजरहित र सम्पर्करहित बनाई गुणस्तर अभिवृद्धि गरिने कार्यक्रम राखिएको छ । सेवाग्राही र सेवा प्रदायकबीच नियमित संवादमार्फत सम्पादित कामका विषयमा सेवाग्राहीको पृष्ठपोषण लिन, गुनासाको तत्काल सम्बोधन गर्न र कार्यसम्पादनमा सुधार ल्याउन सेवाग्राहीसँग कार्यक्रम संचालन गरिने कार्यक्रम राखिएको छ ।

भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिइने उल्लेख छ । भ्रष्टाचारको दृष्टिले उच्च जोखिमका क्षेत्र पहिचान गरी नियन्त्रणका लागि एकीकृत रूपमा प्रवर्द्धनात्मक, निरोधात्मक तथा उपचारात्मक उपाय अवलम्बन गरिने कार्यक्रम राखिएको छ । राज्य पक्षले आफ्नो कानुनी प्रणालीका आधारभूत सिद्धान्तअनुरूप हुनेगरी, यस्तो निकाय वा निकायहरूले कुनै पनि अनुचित प्रभावबाट मुक्त रहेर र प्रभावकारी रूपमा आफ्नो वा आफ्ना कार्यसंचालन गर्न सक्षम रहन सक्नेगरी निकायगत आवश्यक स्वतन्त्रता प्रदान गर्नु आवश्यक छ । त्यस्ता निकायहरूलाई आवश्यक भौतिक स्रोत र विशिष्टीकृत कर्मचारीलगायत ती कर्मचारीलाई आफ्ना कार्यहरू गर्नका लागि आवश्यक पर्न सक्ने तालिमसमेत प्रदान गर्नुका साथसाथै राज्य पक्षले उपयुक्त भएसम्म र आफ्नो कानुनी प्रणालीका आधारभूत सिद्धान्तअनुरूप हुनेगरी कार्यसम्पादन गरिनु आवश्यक छ ।

## इतिहासमा आज

१९ मार्च २०१९ मा करेन उहलेनबेक गणित एबेल पुरस्कार जित्ने पहिलो महिला बनेकी थिइन् ।



१९ मार्च १९७२ मा भारत र बंगलादेशले मैत्री सन्धिमा हस्ताक्षर गरेका थिए ।



१९ मार्च २०१४ मा रुसले सेवास्तोपोलमा रहेको युक्रेनी नौसेना अड्डा कब्जा गरेको थियो ।



१९ मार्च २००४ मा ताइवानी राष्ट्रपति चेन सुई-बियानलाई २० मार्चमा देशको राष्ट्रपति चुनाव हुनुभन्दा ठीक अगाडि गोली हानी हत्या गरिएको थियो ।



# सूचना प्रविधिको प्रयोग र भ्रष्टाचार

विचार



● अपूर्व नेपाल

सूचना प्रविधिले पारदर्शिता बढाउन सक्ने भए पनि यसको दुरुपयोग भएमा भ्रष्टाचार झन् जटिल बन्दै जान्छ । नेपालमा प्रविधिको सकारात्मक उपयोग गर्दै यसको दुरुपयोग रोक्न नीतिगत सुधार, साइबर सुरक्षा मजबुत पार्ने उपाय र प्रविधिसम्बन्धी सचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ...

सूचना प्रविधिको तीव्र विकासले मानव जीवनमा सहजता ल्याएको छ । हरेक क्षेत्रमा यसको प्रभाव देख्न सकिन्छ, चाहे त्यो प्रशासन होस्, व्यापार होस् वा संचार ।

डिजिटल प्रविधिले पारदर्शिता र प्रभावकारिता बढाउन सहयोग गरेको छ तर यसको गलत प्रयोगले भ्रष्टाचारलाई पनि नयाँ स्वरूपमा विकसित गराएको छ । विशेषगरी नेपाल जस्ता विकासशील देशहरूमा सूचना प्रविधिको दुरुपयोगले भ्रष्टाचारका नयाँ तरिका जन्माएको छ ।

सूचना प्रविधिको प्रभावकारी उपयोगले सरकारी निकायमा पारदर्शिता ल्याउन सक्छ । अनलाइन सेवा प्रवाह, डिजिटल भुक्तानी प्रणाली र इ-गभर्नेन्सका माध्यमबाट भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ । उदाहरणका लागि, अनलाइन टेन्डरिङ प्रणाली लागू गर्दा ठेक्कापट्टामा हुने अनियमितता रोक्न सकिन्छ । तर, यसको सही कार्यान्वयन नभएमा प्रविधि स्वयं भ्रष्टाचारको माध्यम बन्न सक्छ ।

नेपालमा धेरै अनलाइन टेन्डरिङ प्रक्रियामा मिलेमतो हुने, डाटाबेस ह्याक गरी नतिजा परिवर्तन गर्ने वा पहुँच भएकाहरूले मात्र जानकारी पाउने समस्या देखिएको छ ।

सूचना प्रविधिको दुरुपयोगले आर्थिक भ्रष्टाचारलाई प्रवर्द्धन गर्ने खतरा पनि छ । डिजिटल बैंकिङ प्रणालीले पारदर्शिता बढाए पनि साइबर अपराध तथा अनधिकृत वित्तीय कारोबारको जोखिम बढाएको छ । केही व्यक्तिहरू प्रविधिको कमजोरीलाई उपयोग गरी अनधिकृत रकम स्थानान्तरण गर्छन् ।

क्रिप्टोकरेन्सी जस्ता नयाँ प्रविधिको प्रयोग गरी अवैध रकमको ओसारपसार गर्न सकिने भएकाले नियमनकारी निकायहरूका लागि चुनौती थपिएको छ ।

सूचना प्रविधिको माध्यमबाट गलत सूचना तथा भ्रामक प्रचार फैलिएर भ्रष्टाचारलाई ढाकछोप गर्ने प्रयास पनि हुने गरेको छ । सामाजिक संजाल तथा अन्य डिजिटल प्लेटफर्महरू प्रयोग गरी भ्रष्टाचारमा संलग्न व्यक्तिहरूले जनताको ध्यान अन्यत्र मोड्न सक्ने वा गलत सूचना फैलाएर वास्तविकता लुकाउन सक्ने सम्भावना रहन्छ ।

नेपालमा भ्रष्टाचारसम्बन्धी समाचारहरू दबाउन, सम्बन्धित निकायको वेबसाइटबाट सूचना हटाउन वा परिवर्तन गर्न सूचना प्रविधिको दुरुपयोग भएका घटना अघिपछि देखिएका छन् ।

निजी क्षेत्रमा पनि सूचना प्रविधिको दुरुपयोगबाट भ्रष्टाचार मौलाउँदै गएको देखिन्छ । ठूला कम्पनीहरू र बहुराष्ट्रिय संस्थाहरूले प्रविधिको सहयोगमा कर छल्ने, गैरकानुनी फाइदा लिने वा अनौपचारिक रूपले प्रभाव जमाउने प्रवृत्ति देखिएको छ । डिजिटल भुक्तानी प्रणाली र अनलाइन कारोबार प्रणाली पारदर्शी भए पनि सही नियमन नहुँदा भ्रष्टाचार नियन्त्रण गर्न गाह्रो पर्छ ।

सूचना प्रविधिको विकासले मात्र भ्रष्टाचार नियन्त्रण हुँदैन, यसको दुरुपयोग रोक्न बलियो कानुनी संरचना आवश्यक छ । प्रविधिसँगै साइबर सुरक्षा प्रणालीलाई मजबुत बनाउनु, डिजिटल कारोबारलाई निगरानीमा राख्नु र प्रविधिमार्फत हुने अनियमितता नियन्त्रण गर्न सम्बन्धित निकायलाई थप सशक्त बनाउनु जरुरी छ । साथै, नागरिक स्तरमा प्रविधिको सही प्रयोगबारे चेतना अभिवृद्धि गर्न सके भ्रष्टाचार नियन्त्रणमा अझ प्रभावकारी हुन सक्छ ।

नेपालमा डिजिटल प्रविधिको सही प्रयोग गरी भ्रष्टाचार न्यूनीकरण गर्ने केही सकारात्मक प्रयासहरू देखिएका छन् । सार्वजनिक खरिद प्रक्रियामा इ-गभर्नेन्स लागू गर्ने, सरकारी सेवाहरूलाई अनलाइनमार्फत उपलब्ध गराउने र डिजिटल भुक्तानी प्रणालीलाई प्रवर्द्धन गर्ने प्रयासहरू भएका छन् । यद्यपि, प्रविधिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न अझ धेरै सुधार आवश्यक छ ।

निष्कर्षमा, सूचना प्रविधिले पारदर्शिता बढाउन सक्ने भए पनि यसको दुरुपयोग भएमा भ्रष्टाचार झन् जटिल बन्दै जान्छ । नेपालमा प्रविधिको सकारात्मक उपयोग गर्दै यसको दुरुपयोग रोक्न नीतिगत सुधार, साइबर सुरक्षा मजबुत पार्ने उपाय र प्रविधिसम्बन्धी सचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ । प्रविधिको सही नियमन भएमा मात्र भ्रष्टाचारमुक्त समाजको परिकल्पना गर्न सकिन्छ ।

**(नेपाल साइबर विज्ञ हुन् ।)**

## सामाजिक सञ्जाल



**राजेश अहिराज**

कसैले कुनै सामाजिक संजालमा केही लेखिदिएकै भरमा त्यसको सत्य जाँचबुझ नगरी, तथ्य र प्रमाण नबुझी, कानुनी आधारहरू नखोजी, सामाजिक प्रभावबारे सचेत नभई समाचार बनाइहाल्ने हो भने संचार माध्यमहरूको गरिमा घट्दै जान्छ । त्यसबाट संस्था/व्यक्तिमाथि मनोवैज्ञानिक/सामाजिक अपूरणीय क्षति हुन्छ ।



**फणीन्द्र नेपाल**

श्री ५ वीरेन्द्रको सक्रिय शासनका बेला चुच्चे नक्सालाई बुच्चे बनाइएको थियो भन्ने कुरा सत्य हो र किन यसो गरियो, यसको खोज अनुसन्धानतिर सायदै कसैको रुचि छ । २०३२ सालमा नेपाल आफैंले राजनीतिक नक्सा बनाउने क्रममा चुच्चो भाग हटाउन नापी विभागलाई क-कसले दबाब दिए ? अब खोजी हुन्छ ।



**मुमाराम खनाल**

संसद्मा रमिता छ । उदार लोकतन्त्र र संसदीय व्यवस्थाका घोर विरोधी राजावादी र माओवादी शक्तिहरूले एकअर्कालाई अमर्यादित शब्द प्रयोग गरी आरोप लगाइरहेका छन् । तर, यिनीहरूमध्ये जसले जसलाई आरोप लगाए पनि नागरिकले आफैंले आफैंलाई लोपारेको जस्तो सुनिरहेका छन् ।



**प्रेमकान्त अधिकारी**

आफूलाई संस्था सम्झिएर तन्त्र चलाउने कोसिस गर्न थाल्यो भने जो कोहीले पनि अगुवाइ नेतृत्व दिन सक्दैन । पुरानो जडसूत्रवादी स्वेच्छाचारी शासन चलाउन जनप्रतिनिधिमूलक बहुलवादी बहुदलीय व्यवस्थामा गाह्रै पर्ला । अहिलेसम्मको इतिहास साक्षी छ, थाहा होस् । असल हुन सके मात्र सफल हुन सक्ने हो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# स्रोत नखुलेको साढे ३ लाखसहित २ जना पक्राउ



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ५ चैत

स्रोत नखुलेको रकमसहित २ जनालाई रौतहट प्रहरीले नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल सीमा गस्ती टोलीले ईशनाथ नगरपालिका ४ महुलियास्थित सीमा नाकामा चेकजाँच गर्ने क्रममा मधेश प्रदेश ०३-०३५ प ६४५५ नम्बरको मोटरसाइकलमा सवार रौतहटकै पराेहा नगरपालिका ५ का ३५ वर्षीय सहजाद देवान तथा राजपुर नगरपालिका ४ का ३२ वर्षीय शेख सरसामको साथबाट स्रोत नखुलेको रकम बरामद गरेको हो ।

सोमबार साँझ पक्राउ परेका उनीहरूको साथबाट स्रोत नखुलेको १ सयको ३ सय ९ थान र ५ सयको १ सय थान गरी कूल ३ लाख ५९ हजार नगद बरामद भएको प्रहरीले जनाएको छ । बरामद गरिएको नगदसहित उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि गौर भन्सार कार्यालय रौतहटमा बुझाइएको छ । बरामद भएको उक्त रकमको स्रोतबारे थप अनुसन्धान अघि बढाइएको सशस्त्र प्रहरी निरीक्षक संजित कुमार सिंहले जानकारी दिए ।

# रोल्पा नमूना क्याम्पसको स्ववियु अध्यक्षमा केसी निर्वाचित



**सूर्यप्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, ५ चैत

रोल्पा नमूना क्याम्पस परिवर्तन गाउँपालिका-५ बागमारामा भएको स्ववियु निर्वाचनमा नेकपा निकट विद्यार्थी संगठन अखिल समाजवादीका चुडामणि केसी निर्वाचित भएका छन् । केसी ७१ मत प्राप्त गर्दै अध्यक्षमा निर्वाचित भएका हुन् ।

उनले प्रतिद्वन्द्वी नेपाली कांग्रेस निकट संगठन नेपाल विद्यार्थी संघ,नेकपा एमाले निकट संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र (अनेरास्ववियु) र नेकपा माओवादी केन्द्र निकट संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)का साझा उम्मेदवार दिपेन्द्र डाँगीलाई २९ मत्तान्तरले प्राजित गरे । डाँगीले ४२ मत मात्र प्राप्त गरेको निर्वाचन मण्डलका संयोजक गोपालबहादुर केसीले जानकारी दिए ।

यस्तै कोषाध्यक्षमा अखिल समाजवादीका टोपबहादुर परियार निर्वाचित भए । परियारले ७१ मत प्राप्त गर्दा प्रतिद्वन्द्वी निर्मला डाँगीले ४५ मत प्राप्त गरिन् । सचिवमा अखिल समाजवादीका देवेन्द्र डाँगीले ६७ मत प्राप्त गर्दा प्रतिद्वन्द्वी प्रकाश रोका मगरले ४१ मत प्राप्त गरे । अखिल समाजवादीका सदस्य देवी रिजालले ७१ मत प्राप्त गर्दा प्रतिद्वन्द्वी कमला पुन मगरले ४४ मत प्राप्त गरिन् ।

अखिल समाजवादीका सदस्य सिमाना बुढाले ७२ मत प्राप्त गर्दा प्रतिद्वन्द्वी अञ्जना बुढा मगरले ४४ मत प्राप्त गरिन् । अर्का नेकपा माओवादी केन्द्र निकट संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)की सदस्य ओमसरी घर्तीमगर भने फागुन १९ गते मनोनयन दर्ता गर्दा नै सर्वसम्मत निर्वाचित भएकी थिइन् ।

जम्मा १२८ मतदाता रहेको क्याम्पसमा १ सय १७ मत खसेको थियो । मतदानमा ११ जना अनुपस्थित रहेको निर्वाचन समितिले जानकारी दिएको छ । त्यस्तै स्वतन्त्र उम्मेदवार पृथी केसी र टिकाजङ घर्ती मगरले शून्य मत ल्याए । समानुपातिकतर्फ ४ मत बदर भएको र प्रत्यक्षमा शून्य रहेको बताइएको छ ।

अखिल समाजवादीले रोल्पा नमूना क्याम्पसको जितलाई ऐतिहासिक जित भएको बताएको छ । रोल्पा नमूना क्याम्पसमा स्ववियु निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन सहयोग गर्ने सुरक्षा निकायलगायतलाई क्याम्पस प्रशासनले धन्यवाद व्यक्त गरेको छ ।


**लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/०६**

यस सा.व.उ.स.बाट संकलित खयर काठ ३८०.०२ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**दुबुङ सा. वन उपभोक्ता समूह, ऋषिङ ३, तनहूँ ।**



**कुवेतमा रोजगार**
कम्पनी: AL KHATTAF GENERAL TRADING COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०८/१९ — चलानी नं.: ६०२२९२५५ — L.T. No.: 314914 — पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 3 | स. काममा दक्ष | 150 | ६७,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १३ गते (26 March 2025) मा हुनेछ ।

OMAMA MANPOWER PVT. LTD. — Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9702046184, Whatsapp : 9702046184, 9801054682, 9805945922.
E-mail: omamamanpower@gmail.com, URL : www.omamamanpower.com



**कुवेतमा रोजगार**
कम्पनी: WAHAJ BOULEVARD HOTEL APARTMENT — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०८/११ — चलानी नं.: ६०२२८६८१ — LT. No.: 314351 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Receptionist | 0 | 7 | सम्बन्धित काममा दक्ष | 150 | ६७,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chef | 1 | 0 | | 250 | ११२,५२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १३ गते (26 March 2025) मा हुनेछ ।

बैभव ओभरसिज प्रा. लि. — श्रम इजाजत नं.: ३७३/०५९/६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), फोन : ०१-४१०६२६४, ४१०६२६५
९८२३२५४८७७, ९७४५९४२०८७, E-mail : baibhav.ovs@gmail.com



**KUWAIT मा रोजगार** Kafek Sweets & Restaurant Company
पुन विज्ञापन, पूर्व स्वीकृती मिति: २०८०/१०/१९ — चलानी नं. : ६०२२३७३३ — LT No.: 309110

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रु. | खाना सुविधा |
|---|---|---|---|---|---|---|---|
| १. | Waiteresses | 0 | 6 | | 120 | ५४,०००।- | छ |

अन्तरवार्ता २०८१ चैत्र १३ गते (26 March, 2025) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौंमा हुनेछ ।

GULF EMPIRE COMPANY PVT. LTD. — Lic. No.: 1599/079/80
KMC-31, Minbhawan, Baneshwor, Kathmandu, Tel.: 01-4115960/61
Mobile: 9813287287, 9709094648, 9823271271
Email: gulfempirenepal@gmail.com, URL: gulf-empire.com



**Kuwait मा रोजगार** Company : LULU SWEETS AND PASTRIES
पूर्व स्वीकृती मिति: २०८१/१२/५ — चलानी नं. ६०२३४७२८ — LT No.: 320584

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Production Worker | 03 | 02 | साधारण | 120 | ५४,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८१ चैत्र १३ गते (26 March, 2025) यस प्रा. लि. को कार्यालय स्वयम्भु, काठमाडौंमा हुनेछ ।

Liverpool H.R. Solution Pvt. Ltd. — Govt Lic. No.: 1415/074/075
Swoyambhu-15, Kathmandu, Tel.: 01-5382303, 5382300, 9851013724
Email : info@liverpoolhrsolution.com, Web: www.liverpoolhrsolution.com



**साउदीमा रोजगार**
कम्पनी : SAJJAH COMPANY LIMITED — शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१२/०४ — चलानी नं.: ६०२३४६६१ — L.T. No.: 320405

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Workers | 28 | 0 | स. काममा दक्ष | 1000 | ३६,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १३ गते (26 March 2025) मा हुनेछ ।

PROGRESSIVE PLACEMENT SERVICES NEPAL (P.) LTD. — Lic. No.: 782/065/066
Buddhanagar-10, Baneshwor, Kathmandu, Phone: 4793286/4796958, Mob.: 9841597085
Email:progressiveplacementnepal@gmail.com, website:http://www.progressivenepal.com.np



**Saudi मा रोजगार** CATRION Laundry for Operation and Maintenance Company
पूर्व स्वीकृत मिति: २०८१/१२/५ — चलानी नं. ६०२३४७४७ — LT No. 320579

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब SR | ने.रु. | खाना सुविधा |
|---|---|---|---|---|---|---|
| १. | Lundry Boys | 15 | 0 | 1500 | ५५,८००।- | छ |

अन्तरवार्ता २०८१ चैत्र १३ गते (26 March, 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।

लक्की एच.आर. सोलुसन प्रा. लि. — श्रम इजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@merocvs.com/ info@luckyhrsolution.com


## शे-फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## गाउँ कार्यपालिकाको कार्यालय

साल्दाङ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८१/१२/०६**

यस कार्यालयबाट मिति २०८१/१०/३० गते र मिति २०८१/११/०२ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचनाहरू बमोजिम तपसिलमा उल्लेखित कार्य विवरणसँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयभित्र विद्युतीय प्रणालीमा पेश हुन आएका बोलपत्रहरू मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताहरूको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही भइ मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भइ आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम ऐ. ऐनको दफा ४७ को प्रयोजनार्थ ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र. सं. | बोलपत्र/ठेक्का/ प्याकेज नं. | आयोजनाको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर. सहित) |
|---|---|---|---|---|
| 1 | SPRM/NCB/ DOP/WORKS/ 2081-082-15 | Thewotong dekhi Fulbari Samma Paryatakiya Padmarga Nirman- 2 | Nima Lama Nirman & Transpotation Service, Shey-Phoksundo RM-08-Dolpa | 38,48,583.93 |
| 2 | SPRM/NCB/ DOP/WORKS/ 2081-082-16 | Pugma-Chaartaal-Perikappuwa-she Gumba Partakiya Padamarga Nirman - 2 | Marshal Construction and Suppliers, Nalgad-02, Jajarkot | 37,03,848.85 |
| 3 | SPRM/NCB/DOP/WORKS/ 2081-082-17 | Sumduwa-Pugma-Kagmara Paryatakiya Padmarga Nirman-2 | Marshal Construction and Suppliers, Nalgad-02, Jajarkot | 35,68,926.85 |

प्रमुख प्रशासकीय अधिकृत

## रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८१/१२/०६**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार Murkuchi-Puware Bhanjyang sadak khand ko kolbote ghumtima gabion tarjali kharid tatha nirman yojana Rautamai-07 योजनाको लागि तपसिल बमोजिमको निर्माण तथा मर्मत कार्य गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनीले दरभाउपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website:www.rautamaimun.gov.np र सूचना पाटीमा राखी सबैको जानकारीको लागि यो सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**सिलबन्दी दरभाउपत्र सम्बन्धी कार्यको विवरण**

| सि. नं. | दरभाउपत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई.रकम (भ्याट र पि.एस. बाहेक) रु. | धरौटी रकम | खरिद तथा आपूर्ति | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | RRM/ SQ/ Works /15/2081-082 | " Murkuchi-Puware Bhanjyang sadak khand ko kolbote ghumtima gabion tarjali kharid tatha nirman yojana ", Rautamai RM-07 | 14,89,226.85 | 43,000.00 | नेपाल सरकार बाट मान्यता प्राप्त फर्म, कम्पनी | रु. १०००।- |

प्रमुख प्रशासकीय अधिकृत

## Directorate of Water Supply, Irrigation and Energy Development

Karnali Province, Surkhet, Nepal

### Invitation for Electronic Bids

**Tender Notice No: 5-081/082**
**(Date of First times Publication: 2081/12/06 (2025-Mar-19))**

1. **DWIED, Surkhet** invites electronic bids from eligible bidders for following works under National Competitive Bidding (NCB) procedure. Bidders may obtain further information from the PPMO's web portal **https://bolpatra.gov.np/egp/**

| Contract Number | Description of work | Estimated Amount (including P.S.) without VAT and Contingency | Bid Security Amount | Fee for Bid Document | Remarks |
|---|---|---|---|---|---|
| 09/081-082/ NCB/Works/ WSP/ DWIED-Surkhet | Construction of 8" & 6" dia Deep Tubewell including well development and Pump Test for different WSP in Birendranagar N.P. Surkhet (Package-A) | 1,03,46,781.39 | 3,20,000.00 | 3000.00 | Single Stage Single Envelope. |
| 10/081-082/ NCB/Works/ISP/ DWIED-Surkhet | Construction of 8" & 6" dia Deep Tubewell including well development and Pump Test for different WSP & ISP in Birendranagar N.P., Gurbhakot N.P. & Chaukune RMC Surkhet (Package-B) | 54,62,906.64 | 1,70,000.00 | 3000.00 | Single Stage Single Envelope |

For Director

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
६ चैत २०८१ बुधबार
19 March 2025, Wednesday

# अधुरा योजनाहरू यसै वर्ष पूरा गर्ने प्रमुख श्रेष्ठको प्रतिबद्धता

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ५ चैत




सन्धिखर्क नगरपालिकाको आयोजनामा सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ। आ.व.२०८१/०८२ को पहिलो चौमासिक अन्तर्गतको सार्वजनिक सुनुवाइ गरिएको हो ।

सन्धिखर्क नगरपालिका वडा नम्बर ८, ९ र १० लाई लक्षित गर्दै सन्धिखर्क १० नं. वडा कार्यालयमा भएको कार्यक्रममा नगरपालिकाले यस आर्थिक वर्षको पहिलो चौमासिक अवधिसम्म सम्पन्न गरेका योजना/आयोजनाहरुको मूल्यांकन, सुशासन, पारदर्शिता, सेवा प्रवाह लगायतका विषयमा जानकारी गराइएको थियो ।

कार्यक्रममा ३ वटा वडाबाट उपस्थित सेवाग्राहीहरुबाट उठेका प्रश्नहरुको जवाफ दिँदै सन्धिखर्क नगरपालिका प्रमुख कृष्णप्रसाद श्रेष्ठले सन्धिखर्क नगरपालिका नगरबासीको चाहना अनुसार अगाडि बढेकाले बजेटको अभावमा सानातिना केही योजनाहरु अधुरा रहेको भएपनि ती योजनाहरु यसै वर्ष पूरा गर्ने बताए ।

विकास निर्माणले विस्तारै गति लिँदै गएकाले नगरपालिकाको अबको लक्ष्य भनेको नागरिकलाई रोजगारी सृजना गर्दै मुख्य चुनौतीको रुपमा देखा परेको बसाईंसराइ रोक्नका लागि बजेट विनियोजन गर्ने र युवायुवतीलाई तालिम सिकाएर स्वरोजगार सिर्जना गर्ने गरी कामहरु भएको उनले बताए ।

कार्यक्रममा नगर उपप्रमुख मिश्रा आचार्यले नगरले ल्याएका कार्यक्रमहरुको मूल्यांकन र अनुगमन गरेर मात्र भुक्तानीका लागि अगाडि फाइल अगाडि बढाउन निर्देशन दिएको बताइन् ।

नगरका जनताको माग अनुसार नगरपालिकाले कार्यक्रम ल्याउने गरेको बताउँदै उपप्रमुख आचार्यले न्यायिक क्षेत्रमा पनि सकारात्मक काम गरिरहेको बताइन् ।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले पारदर्शिता र सुशासनको पाटोमा नगरपालिका कतै नचुक्ने गरी काम गरिरहेको बताइन् ।

कार्यक्रममा योजना शाखा प्रमुख दिलिप के.सी., पशु शाखा प्रमुख नारायण खनाल, प्राविधिक शाखा प्रमुख प्रमोद के.सी, कृषि शाखा प्रमुख राजेन्द्र भट्टराई, राजश्व प्रमुख मुक्ति खनाल, शिक्षा शाखा प्रमुख मन्जु आचार्य, जिन्सी शाखा प्रमुख थानबहादुर महत्रा, नगरपालिकाका प्रवक्ता मोतिजंग रायमाझी, वडा नम्बर १ का अध्यक्ष माधव श्रेष्ठ, ६ का अध्यक्ष श्रीधर महत्रा, ९ का अध्यक्ष पदमबहादुर भुसाल, १२ का अध्यक्ष नारायण खड्का लगायतले सेवाग्राहीबाट उठेका प्रश्न र जिज्ञासाको जवाफ दिएका थिए ।

---

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
**बढुवा समितिको सचिवालय, रुकुम (पूर्वी भाग)**

## बढुवा सिफारिस सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति : २०८१/१२/०६**

मालपोत कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा रिक्त देहायको सेवा, समूह, श्रेणीको पदमा बढुवाद्वारा पदपूर्ति गर्न प्रमुख जिल्ला अधिकारी एवं बढुवा समितिका अध्यक्ष श्री रुद्रप्रसाद न्यौपानेज्यूको अध्यक्षतामा मिति २०८१/१२/०५ मा बसेको बढुवा समितिको बैठकको निर्णयानुसार देहाय बमोजिमको कार्यालयमा जेष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा हुने बढुवाको लागि सिफारिस गर्ने निर्णय भएको हुँदा निजामती सेवा ऐन, २०४९ को दफा २०(४) र २४(च) को प्रयोजनार्थ यो सूचना प्रकशित गरिएको छ ।

**देहायः**
नेपाल प्रशासन सेवा, लेखा समूह, रा.प.अनं.प्रथम श्रेणी (अप्रा.), लेखापाल, पदसंख्याः-१(एक), जेष्ठता र कार्यसम्पादन मुल्यांकनद्वारा हुने बढुवा

| क्र.सं. | योग्यताक्रम | सेवा, समूह | उम्मेद्वारको विवरण | | | प्राप्तांक (प्रतिशत) | बढुवा सिफारिस गरिएको | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नाम, थर | क.सं.नं. | कार्यरत कार्यालय | | पद | कार्यालय |
| १ | १ | नेपाल प्रशासन, लेखा | डम्बरबहादुर सुनार | २१३८४४ | कोष तथा लेखा नियन्त्रक कार्यालय, रुकुम (पूर्वी भाग) | १०० | लेखापाल | मालपोत कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) |

---

## श्री दुर्गादेवी सा.व.उ.स. जोरायल-२, गरुड डोटीको
### काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१-१२-०६**

जिल्ला डोटी जोरायल गा.पा.२, गरुडमा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट संकलन भएर उत्पादन भई जोरायल गा.पा. २ गरुडमा घाटगद्दी गरी राखिएको सल्लो 'ए' ग्रेडको थान ६२ को १००५.२४ क्युफिट र 'बी' ग्रेडको थान १८९ को १५८६.४० क्युफिट र दाउरा ४. २५ चट्टा काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/५**

डडेल्धुरा जिल्लामा रहेका तपसिल बमोजिमका सा.व.उ.स को वन क्षेत्रबाट आ.व. ०८१/०८२ मा उत्पादन भई तपसलिमा उल्लेखित घाटगद्दीमा राखिएको तपशिल बमोजिमको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुटा छुट्टै बोलपत्र खरीद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि सम्बन्धित सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**तपसिल**

| सि. नं. | सामुदायिक वनको नाम/ठेगाना | लिलाम विक्रि गरनि वन पैदावार को विवरण | | | |
|---|---|---|---|---|---|
| | | जात | गोलिया थान | परिमाण (क्यू.फिट) | घाटगद्दी स्थान |
| १ | रानी सा.व.उ.स गन्यापधुरा १ | सल्ला | ८३ | ९२५ | गन्यापधुरा १, भंतकाडा छेउ |
| २ | उकाली सा.ब.उ.समुह गन्यापधुरा १ | | ७९ | ११५३.६ | गन्यापधुरा १, भंतकाडा छेउ |

---

# Menchhayayem Rural Municipality
# Office of Rural Municipal Executive
**Morahang, Tehrathum**

## Invitation for Electronic Bids

**Date of publication: 2081/12/06 (19/03/2025)**

1. Mennchhayayem Rural Municipality, office of Rural Municipal Executive invites NCB from eligible domestic bidders for the contracts mention below.

| S. N. | Contract ID Number | Description of Work | Estimated Amount Including PS without VAT (Nrs) | Cost of Bidding document | Bid security Amount | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | MRM/W/NCB/2081/82-05 | Upgrading of Powerhouse Morahang Manglabare Sadak | 34,79,651.54 | Rs. 3000 | Rs. 98,500/- | 90 days/ 120 days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Menchhayayem rural Municipality, Morahang, Tehrathum, Phone no: 9852082777, Email Id: menchhayayemruralmun73@gmail.com may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

---

**युएईमा रोजगार** कम्पनी : WE ONE — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/१२/०५ — चलानी नं.: ६०२३४७१० — LT. No.: 320512

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaner | 100 | 0 | सम्बन्धित काममा दक्ष | 950 | ३५,८५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Helpers | 100 | 0 | | 950 | ३५,८५३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १३ गते (26 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Leading Manpower Recruitment Services Pvt.Ltd.**
Govt.Lic.No. 1679/080/81
Mid baneshwor, Kathmandu, Nepal, Tel No.: 01-4500260, 01-4500262, 9802070439, 9802070428, 9802370906, Email: leadingmanpower.recruitnepal@gmail.com

**साउदीमा रोजगार** कम्पनी: SAUD ABDULAZIZ MOHAMMED ALMANE ESTABLISHMENT TRANSPORT — शहर: Riyadh
पुर्व स्वीकृत मितिः २०८१/११/२७ — चलानी नं.: ६०२३४४४२ — LT No: 320106

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 6 | 0 | स. काममा दक्ष | 1900 | ७०,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ चैत १३ गते (26 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**Swift Gurkha International Pvt. Ltd.**
Govt. Lic. No: 559/062/063
Sarkari Dhara, Samakhusi, Kathmandu, Nepal
Tel: +977-01-4950987, 4952128, 4989471. Fax: +977-01-4350534, Mobile: 9823726091, 9851018997
E-mail: info@swiftgurkha.com, swiftgorkha@gmail.com/ web:www.swiftgurkha.com

**UAE मा रोजगार** Sahara Engineering Metal Construction Contracting L.L.C.
पूर्व स्वीकृती मितिः २०८१/१२/५ — चलानी नं. ६०२३४७२२ — LT No.: 320603

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Painter Assistant | 17 | 0 | [illegible] | 1000 | ३७,७००/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Steel Fixer | 3 | 0 | | 1200 | ४५,२००/- | | | | | | | |
| ३. | Welder Assistant | 9 | 0 | | 1000 | ३७,७००/- | | | | | | | |

अन्तरवार्ता २०८१ चैत्र १३ गते (26 March, 2025) गते यस प्रा. लि. को कार्यालय सामाखुशी काठमाडौमा हुनेछ ।

**Premium Human Resources Pvt. Ltd.**
PREMIUM HR
Govt. Lic. No. 1631/080/081
Samakhusi-3, Kathmandu, Tel : 01-5917815, 5917814, 9801080183, 9801029663, 9801044493, 9801021737, 9801080059, 9801044492, 9817002440, 9801080096
Email: hr@premiumhr.com.np Web: www.premiumhr.com.np

---

# Tilagupha Municipality
# Office of the Municipal Executive
**Galje, Kalikot District**
**Karnali Province, Nepal**

## Invitation of Electronic Bids

**First Date of Publication: 2081/12/06 (03/19/2025)**

1. The Tilagupha Municipality, Office of The Municipal Executive, Galje, Kalikot invites electronic bids from eligible Bidder submit their bid electronically through E-procurement section of PPMO's Web site http://www.bolpatra.gov.np/egp on or before the deadline of 2082/01/05(04/18/2025) at 12:00 hour. For more details :-visit e-procurement section of PPMO's Website http://www.bolpatra.gov.np/egp and www.tilagufamun.gov.np.
2. Bidder can submit the Bid Security in the form of cash in Deposit Account No. 06201050250382 (Dharauti account) at Nepal Investment Mega Bank Branch office Nagma, Kalikot or in the form of bank guarantee in favor of Tilagupha Municipality, Office of The Municipal Executive, Galje, Kalikot as per standard format provided in Bid documents (Contract No. should be clearly mentioned, otherwise will not be accepted). Bid security validity period for tender shall be 120 days from the date of bid opening and should submit/upload the original receipt of the deposited amount of cash along with the Bid document. The Bidder shall be required to deposit the cost of bidding document (as specified in the below table) in the Office's revenue Account no. : 06201400250009 at Nepal Investment Mega Bank Branch office Nagma, Kalikot.

**Contracts Description Table (CDT)**

| S.N | Contract No. | Description of location of work | Estimated Amount, NRs (Including VAT) | Bid Security Amount (NRs) | Fee for bid Document NRs. |
|---|---|---|---|---|---|
| 1 | TGM/KKT/SDOGFLP/NCB/GOOD/ /03/2081/082 | Supply and delivery of good for LISP Project | 1,12,23,522.61 | 2,80,000.00 | 3,000.00 |

**Chief Adminstrative officer**

---

नवराजपुर गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८१।१२।०६**

प्रस्तुत विषयमा यस नवराजपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिरहाको मिति २०८१/११/११ गते दोस्रो पटक प्रकाशित सूचना बमोजिम मिति २०८१/११/२६ सम्म यस गा.पा.मा पेश हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा मूल्यांकन समितिको मिति २०८१/१२/०४ गतेको निर्णय बमोजिम देहायको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम यो ७ दिने आशयको सूचना प्रकाशन गरीएको छ ।

**तपसिल**

| क्र. स. | ठेक्का न. | योजनाको नाम | स्वीकृतको लागि छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | रकम (मु.अ.कर र P.S. समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | NRM/NCB/WORKS/2081/82-05 | Gamhariya Sima dekhi Geruwaha Tole hudai Maheshbari Sima samma Sadak Staronnati Karya, ward no. 1 | Aryan Construction, Budhiganga-05, Morang | 20,90,516.47 | |

प्रमुख प्रशासकीय अधिकृत

---

डुङ्गेश्वर गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
डाँडापराजुल, दैलेख
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः२०८१/१२/०६**

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८१/११/११ गते मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम मिति २०८१/११/२६ गते दिनको १२:०० बजेसम्म E–bidding मार्फत दर्ता हुन आएका बोलपत्रहरुको नियमानुसार मूल्याङ्कन गर्दा तपसिलमा उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही देखिएकाले यस कार्यालयको बोलपत्र दरभाउपत्र स्वीकृत गर्ने आशय रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | बोलपत्र नं. | बोलपत्रको नाम | छनोट भएका बोलपतत्रदाताको नाम र ठेगाना | कबोल अंक रु भ्याट बाहेक |
|---|---|---|---|---|
| 1 | DRM/G/SQ/03/2081-82 | Supply of Medicine & Surgical Equipments | बिसाल साईन्स एण्ड सर्जिकल सप्लायर्स वीरेन्द्रनगर नगरपालिका १, सुर्खेत | रु. २,४४,२८०।०० |

# पूर्वमन्त्री श्रेष्ठको पुस्तक सार्वजनिक



**काठमाडौं/मस**-जनता समाजवादी पार्टीका संघीय अध्यक्ष एवम् पूर्वमन्त्री राजेन्द्र श्रेष्ठको पुस्तक 'ऐतिहासिक नेपालमण्डल, संघवादको सिद्धान्त र नेवा: पहिचान' सार्वजनिक भएको छ।

पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालको प्रमुख आतिथ्यमा भव्य समारोहकाबीच नेपा बैन्क्वेट खुसीबुमा पुस्तक विमोचन भएको हो। श्रेष्ठद्वारा लिखित यो पुस्तकमा नेपालको इतिहास, नेवार समुदायको पहिचान र संघवादको सिद्धान्तलाई गहिरो रूपमा विश्लेषण गरिएको छ। पुस्तकमा १३ वटा खण्डहरू समेटिएका छन्, जसले नेपालको विविध पक्षहरूलाई उजागर गर्छ।

'नेपालका हामी नेवार' नेवारहरूको उत्पत्ति, नेपाल नामकरणको इतिहास र मल्ल कालसम्म नेवा: राष्ट्रियताको विकासबारे उल्लेख गरिएको छ। यस खण्डमा किरात, आर्य, आष्ट्रिक र द्रविड जातिहरूको मिश्रणले नेवार समुदायको निर्माण भएको उल्लेख छ। नेपाल नामकरणका विभिन्न व्याख्याहरू, जस्तै नेवाल, नेपार, नेप/नेय्, नेप ग्वाला जस्ता नामहरूबाट 'नेपाल' बनेको ऐतिहासिक सन्दर्भहरू यसमा पाइन्छन्।

'प्राचीन नेपाल र नेपालमण्डल' भागमा नेपाल उपत्यकाका परिधि बाहिरको स्वायत्त भूभागलाई नेपालमण्डल भनेर जनाइएको र यो संघीय राज्यको प्राचीन स्वरूप भएको कुरा प्रस्तुत गरिएको छ। लिच्छवी कालमा नेपालमण्डलको अवधारणाले पाँचवटा स्वतन्त्र राज्यहरूको संघ रहेको उल्लेख गरिएको छ, जुन पछि चारवटा राज्यहरूमा सीमित भयो।

'गोरखा राज्य विस्तार र केन्द्रीकृत शासनको प्रादुर्भाव' खण्डमा गोरखा राज्य विस्तारको पृष्ठभूमि, ४५ वर्षसम्म चलेको युद्ध, केन्द्रीकृत सामन्ती राज्यको उद्भव र त्यसको परिणामहरू समेटिएका छन्।

'नेपालमा संघवादी विचारको प्रादुर्भाव' भागमा नेपालको प्राचीन स्वायत्त शासन व्यवस्थामा संघीयताको भ्रुणहरू रहेको उल्लेख छ, भने आधुनिक नेपालमा संघवादको अवधारणा २००७ सालको परिवर्तनबाट सुरु भएको र २०६२ सालको जनक्रान्तिपछि संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ। संविधानको पहिलो संशोधनपछि संघीयता संविधानमा समावेश भएको र दोस्रो संविधानसभाले प्रशासनिक-भौगोलिक संघीय संरचना बनाएको तथ्यहरू उल्लेख छन्।

'संघवादको सिद्धान्त' भागमा संघवादको अवधारणा, सिद्धान्त र नेपालमा लागू गरिएका विभिन्न संघीय संरचनाबारे चर्चा गरिएको छ। संघवाद भनेको देशको सार्वभौम शक्ति संघ र प्रदेशमा बाँडफाँट गरी प्रयोग गर्ने सिद्धान्त हो भन्ने कुरा पुस्तकमा उल्लेख छ।

## साउदीमा रोजगार

कम्पनी: TAMEEM INTERNATIONAL KINDERGARTEN
शहर: Saudi Arabia,Taif
पुर्व स्वीकृत मिति: २०८१/१२/०५ चलानी नं.: ६०२३४७४२
L.T. No.: 320471

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १३ गते (26 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Nepal Life Recruitment Agency Pvt. Ltd.**
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, Tel:4598920, E-mail: nepallifera1476.2017@gmail.com

## बहराइनमा रोजगार

कम्पनी: THINK IT STITCH IT
शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८१/१२/०५ चलानी नं.: ६०२३४७४९
LT. No.: 320239

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | TAILOR GENERAL | 1 | 0 | स. काममा दक्ष | 120 | ४४,११७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १३ गते (26 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NICE
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
